# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

"शिक्षा जीवनको आधार स्तम्भ हो" शिक्षाले नै मानिसलाई कुनै पनि क्षेत्रमा योग्य, दक्ष एवम् निपुण बनाउनुको साथै उसको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउँदै दैनिक जीवनमा समेत आइपर्ने विभिन्न समस्याहरूसँग सामना गर्न मार्गदर्शन गर्दछ । शिक्षा मानव सभ्यतासँग विकास भएको एक महत्वपूर्ण प्रक्रिया हो जुन निरन्तर र गतिशील छ । आजको आधुनिक युगको मानव सभ्यताको चरम विकासको प्रमुख आधार नै शिक्षा हो । शिक्षाबिना कुनै पनि व्यक्ति, समाज र राष्ट्र तथा समग्र भू-मण्डलको विकास नै असम्भव छ । त्यसैले आज शिक्षा सबैका लागि अपरिहार्य तथा अनिवार्य आवश्यकता बनेको छ ।

"शिक्षाको लागि समान अवसर" यो शिक्षा क्षेत्रमा एक प्रचलित विश्वव्यापी नारा हो । सामान्य अर्थमा भन्दा यस सिद्धान्तले सम्पूर्ण बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने मान्यता बोकेको छ । तर देशको भौगोलिक आर्थिक स्थिति र व्यक्ति तथा समाजको सामाजिक परिवेश, आर्थिक अवस्था, बौद्धिक जागरण, सामाजिक स्तर एवम् वातावरण जस्ता विविध कारणहरूले गर्दा सम्पूर्ण बालबालिकाहरूलाई समान रूपबाट शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न सकिएको हुँदैन । अझ स्पष्ट रूपमा भन्दा अविकसित मुलुकहरूका बीचमा शैक्षिक लगानी र शैक्षिक उत्पादनमा समेत ठूलो भिन्नता रहेको छ । अविकसित र विकासोन्मुख मुलुकका विपन्न वर्गका त झन झन विपन्न हुँदै जाने र सामाजिक परिवर्तनको आशा नै गर्न नसकिने अवस्थाहरू देखा परेको छ । यसका लागि शिक्षालाई व्यापक बनाइनु पर्दछ । देशको भू-संरचना कस्तो छ ? शिक्षामा अवसर दिँदा प्रक्रिया कस्तो छ ? सामाजिक वातावरण जस्ता कुराले समेत शिक्षाको समान अवसर प्रदान गर्नमा असर पारेको हुन्छ (शिक्षाको अवसर, शर्मा एण्ड शर्मा, २०६३) ।

शिक्षा हरेक व्यक्तिको नैसर्गिक मानव अधिकारको विषय बनेको छ जुन संयुक्त राष्ट्र सङ्घको बडापत्रमा समेत उल्लेख गरिएको छ । सन् १९९० मा विश्व शिक्षा मञ्चद्वारा थाइल्याण्डको जोम्टिनमा आयोजना गरिएको अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वका ११८ राष्ट्रका शिक्षा प्रतिनिधिहरूले हरेक देशहरूले आधारभूत शिक्षा सम्पूर्ण नागरिकको पहुँचमा पुऱ्याउनु पर्ने प्रतिबद्धताकासाथ सन् २००० सम्ममा १००% प्राथमिक उमेरका सबै

बालबालिकाहरूलाई विद्यालयमा पुऱ्याउने ऐक्यबद्धता जनाएका थिए भने सन् २००० को अप्रिल २६-२८ मा विश्व शिक्षा मञ्चद्वारा नै सेनेगलको राजधानी डकारमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा सबैका लागि शिक्षा (EFA) कार्यक्रममा प्रतिबद्धता जनाउँदै सन् २०१५ सम्ममा निःशुल्क अनिवार्य प्राथमिक शिक्षा हरेक बालबालिकाहरूको पहुँचमा पुऱ्याउने भनी सहभागी सदस्य राष्ट्रहरूले हस्ताक्षर गरेका थिए । शिक्षासँग सम्बन्धित यस्ता दुई-दुई वटा अन्तर्राष्ट्रिय सम्मेलनहरू सम्पन्न भई सक्ता पनि सन् २००४ सम्म १९% प्राथमिक उमेरका बालबालिकाहरू विद्यालयबाहिर रहनुको साथै खुद भर्ना दर ८१% मात्र रहेको देखिन्छ (साक्षरता विशेषाङ्क, २०६१) ।

नेपालमा सन् २००९ सम्म प्राथमिक तहमा खुद भर्ना दर (NWR) ९२% र आधारभूत शिक्षातर्फ ७३% देखिन्छ । करिब ८०% प्राथमिक विद्यालय जाने उमेर समूहका (५-९ वर्ष) र २५% आधारभूत शिक्षा उमेर समूहका (५-१२ वर्ष) का बालबालिकाहरू अझै पनि विद्यालयबाहिर रहेका छन् । हाल उपलब्ध साधन स्रोतलाई हेर्दा यस योजनाका सन् २०१५ सम्मका सम्पूर्ण लक्ष्य अनुसार उपलब्धि हासिल गर्न सक्ने अवस्था देखिँदैन र समयमा थप बजेटको व्यवस्था हुन नसके “सन् २०१५ सम्ममा सबै बालबालिका विशेष गरी छात्रा, कठिन परिस्थितिमा रहेका बालबालिका तथा अल्पसङ्ख्यक आदिबासी, जनजातिको शिक्षामा पहुँच पुऱ्याई निःशुल्क तथा अनिवार्य र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने” भन्ने सबैका लागि शिक्षा कार्यक्रमको उद्देश्य हासिल गर्न कठिनाई हुन सक्छ ( विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२) ।

नेपालले सबै बालबालिकाका लागि आधारभूत शिक्षाको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जाहेर गरे पनि व्यवहारमा उतार्न सकिरहेको छैन । विद्यालय छाड्ने दर प्राथमिक स्तरमा नै उच्च छ । अझै कतिपय ठाउँमा शिक्षा दिने सवालमा छोराछोरीप्रति भेदभाव गरेको अवस्था विद्यमान छ । लक्षित समूह विशेष गरी महिला , दलित , आदिबासी, जनजाति  उत्पीडित, अपाङ्गलगायत द्वन्द्व प्रभावितका लागि विभिन्न शैक्षिक कार्यक्रमहरू लागू गरिए तापनि त्यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सकिएको छैन । “सबैका लागि शिक्षा” भन्ने चर्चित विश्वव्यापी शैक्षिक नाराको मर्मलाई आत्मसात गर्न नेपालले पनि विभिन्न कदमहरू चालेको छ तर सामजिक, सांस्कृतिक, आर्थिक , राजनीतिक र नीतिगत कारणबाट “सबैका लागि शिक्षा” भन्ने नाराले साकार रूप लिन सकेको छैन । नेपालको

सन्दर्भमा विभिन्न भागहरूमा रहेका अल्पसङ्ख्यक जातजातिहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउनु पर्ने चुनौती विद्यमान छ ।

जहिलेसम्म राज्यको प्रत्यक्ष निगरानीबाट अल्पसङ्ख्यक जातिहरू टाढा रहन्छन् र उनीहरूमा शिक्षाको महत्वबारे प्रकाश पार्न सकिँदैन तबसम्म सबैका लागि शिक्षा भन्ने नारा केवल नारा मात्र बन्न पुग्दछ । त्यसैले अल्पसङ्ख्यक जातजातिहरूको कसरी शिक्षामा पहुँच पुऱ्याई सबैका लागि शिक्षाको मान्यतालाई साकार गर्न सकिन्छ भन्ने बारे बहस, छलफल अध्ययन र अनुसन्धान एउटा टड्कारो आवश्यकता बनेको छ ।

त्यस्तै राज्यको समान अवसरबाट बञ्चित आर्थिक, सामाजिक, धार्मिक, एवम् सांस्कृतिक, राजनीतिक तथा शैक्षिक दृष्टिकोणले अति पिछडिएका आदिबासी, जनजातिमध्ये पूर्वी नेपालको विशेष गरी झापा मोरङमा बसोबास गर्ने गन्गाई जाति पनि हुन् । जसको आफ्नै किसिमको परम्परागत सामाजिक संरचना, भाषा, धर्म, रीतिरिवाज तथा संस्कृति रहेको छ । गन्गाई जाति अहिले पनि राज्यको हरेक क्षेत्रबाट ओझेलमा परेको देखिन्छ । नेपालमा २०५८ सालमा स्थापित आदिबासी, जनजाति उत्थान प्रतिष्ठानमा सूचीकृत भएका ५९ वटा जातिहरू मध्येको एक अत्यन्त सोझा, इमान्दार र परिश्रमी जातिका नामले परिचित गन्गाई जाति नेपालको एक अल्पसङ्ख्यक तथा अति पिछडिएको जाति हो ।

"गन्गाई जाति : एक परिचय" पुस्तकको लेखक द्रोणकुमार उपाध्याय भन्नुहुन्छ कि गन्गाईहरूको इतिहासको पुरानो लहरो तान्नु हो भने महाभारत कालसम्म पुग्ने दावा गर्छन् । र आफूलाई मत्स्य नरेश विराट राजाका साख्खै मावली भएको कुरा सगौरव बताउने गर्छन । यस सम्बन्धमा उनीहरूको भनाइ के छ भने राजा विराट महाभारत कालका ठूला गोपाल राजा थिए र विराटकै 'सम्सद्' भित्र अहिलेको ठाकुर गञ्जनेर (भारत, विहार) सुरजापुर भन्ने एक सानो राज्य थियो । त्यहाँका राजा महादेव मण्डल (गणेश) महाराजा विराटका साख्खै मामा थिए । तिनै राजा महादेव मण्डल (गणेश) गोरक्षक वा गरा-रक्षक, गो गणाधिपति वा (गा) गण ईश भनेर चिनिन थाले । राजा गणेशले आफ्ना भान्जा विराटका गनेर नसकिने गाईहरूको जिम्मा लिएका थिए । त्यस्ताका गाई ठूलो सम्पत्ति मानिने हुनाले बेलाबखत गोहरण भई रहने गर्थे । विराटको सीमान्त क्षेत्रका रजौटा राजा गणेशले त्यस्ता अनेक गोहरण आक्रमणहरूको प्रतिरोध गरेका थिए । डा. गौरी शङ्कर ओझाले आफ्नो खोजमूलक ग्रन्थ विराट कथामा उल्लेख गरेअनुसार सुरजापुरका राजा

महादेव गणेश मण्डलकी सुपुत्री मनोरमासँग कान्छा पाण्डव सहदेवको विवाह भएको थियो । उनीहरू विराट राजाले छोरी ज्वाइँलाई दाइजो दिएको अभिमन्युनगरमा बस्ने गर्थे । जे होस् गोरक्षक गाई गणेशहरू पछिसम्म सुरजापुर र विराट राजाका नगरहरूका आसपासका क्षेत्रहरूमा बसोबास गरेर बसे । यिनैलाई कालान्तरमा गणगाई वा गन्गाई भनिने गरियो । त्यसैले आज पनि राजा विराटका खण्डहरू र उनीसँग सम्बन्धित क्षेत्रहरूमा गन्गाई बस्तीहरू पाइन्छ ।

विहार डिस्ट्रिक गजेटियर्स पूर्णिया १९६३ (Bihar district Gazettery purnea By Pc Roy M.A.B.L. Special officer. Gazetters Revision section Revenue dept. Bihar Patna page No. 142) मा पि.सी. राय चौधरीले आफ्ना पूर्व विशेषज्ञ ओमालेलाई उद्धृत गर्दै पूर्वदेखि उत्तर विहारमा बसोबास गर्ने अन्य जाति भन्दा गन्गाईहरूलाई भिन्न बताउदै भनेका छन् "अनुहारले तिनीहरू नेपाली मूलका जस्ता छन् र अहिले ब्रिटिसराजमा बस्नेहरूचाहिँ नेपालमा बस्ने उनीहरूको ठूलो समुदायको एक सानो समूहमात्र हो । पहाडेहरू जस्तै तिनीहरू पूजास्थानमा ध्वजा गाड्छन् ।" ...."जहाँ-जहाँ कन्काई त्यहाँ त्यहाँ गन्गाई" भन्ने उनीहरूमा प्रचलित उखानले गर्दा उनीहरू कन्काई तटवर्ती क्षेत्रमा बस्ने जात हुन् र त्यसैले यिनको नाम पनि गन्गाई भएको हुन सक्छ ।

त्यस्तै पूर्णिया जिल्लाका गन्गाईहरू नेपालका सीमाञ्चलबाट बसाँई सरी पूर्णिया जिल्लामा बसेका छन् । उनीहरूको भेषभूषा अलङ्कारादि र सामाजिक जीवनको नेपालका तराईका बस्नेहरूसँग सामञ्जस्य देखिन्छ । पूर्णियाका गन्गाईहरू र नेपालको तराईमा बस्नेहरूसँग बराबर वैवाहिक सम्बन्ध रहेको देखिन्छ ।

२०५८ सालको जनगणनाअनुसार झापा जिल्लाको कुल जनसङ्ख्यामध्ये ८,१०३ जना गन्गाईहरू रहेका छन् । झापाको दक्षिणवर्ती गा.वि.स.हरूमा गन्गाई जातिको बसोबासको प्रमुख स्थल भनिए तापनि टाघनडुब्बा गा.वि.स. गन्गाईहरूको प्रमुख बसोबास स्थल हो । जहाँ २०५८ सालको जनगणना अनुसार कूल टाघनडुब्बाको जनसङ्ख्या मध्ये १८९८ गन्गाई जातिहरू छन् ।

यी जातिको मानिसहरूमा प्रमुख पेसा कृषि नै हो । केही नोकरी (शिक्षक), व्यापार र अन्य पेसामा समेत पाइन्छन् । गन्गाईहरूको प्रमुख चाड सिरूवा पर्व हो, जुन नयाँ वर्षको उपलक्ष्यमा मनाइन्छ । यिनीहरू स्थानीय स्तरमा सुरजापुरी भाषाको प्रयोग गर्छन् ।

झापामा बर्षौंदेखि बसोबास गर्दै आएका गन्गाईहरू नेपालमा पटक पटक भएको ऐतिहासिक, राजनीतिक परिर्वनपश्चात् पनि आर्थिक , सामाजिक, सांस्कृतिक एवम् शैक्षिक रूपमा पछि परेका देखिन्छन् । यी जातिलाई हरेक क्षेत्रमा अग्रसर र उत्प्रेरित गराउन उनीहरूमा चेतनाको स्तर अभिवृद्धि गराउनु पर्ने प्रमुख आवश्यकता हुन जान्छ । यसका लागि गन्गाई जातिका बालबालिकाहरूलाई शैक्षिक अवसर प्रदान गर्नु पर्ने नितान्त आवश्यकता रहेको छ । अझै पनि गन्गाई जातिका विद्यालय उमेरका बालबालिकाहरू शिक्षाको पहुँचबाट टाढा रहेका देखिन्छन् । यसर्थ गन्गाई जातिको शैक्षिक स्थिति , शैक्षिक समस्या र शैक्षिक समस्या समाधानका उपायहरूबारे अध्ययन गर्न आवश्यकता महसुस गरि उक्त विषयमा नै यो अध्ययन केन्द्रित रहेको छ । साथै यस अध्ययनबाट गन्गाई जातिका बालबालिकाहरूको शिक्षाको स्तरमा गुणत्मक सुधार ल्याउन विशेष टेवा पुऱ्याउँछ भन्ने आशा र विश्वास लिएको छु ।

## १.२ समस्याको कथन

सन् २०१५ सम्ममा सबैका लागि शिक्षाका उद्देश्यहरू पूरा गर्न नेपालले पनि सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना (२००१-२०१५) बनाई यसअन्तर्गत सबैका लागि शिक्षा मूल दस्तावेज (२००४-२००९) को रणनीतिक कार्यक्रम लगायत विभिन्न कार्यक्रमहरू कार्यन्वयन गरिए तापनि सन् २००९ सम्ममा ८% प्राथमिक तह (५-९ वर्ष) उमेर समूहका बालबालिकाहरू विद्यलय बाहिर रहेका छन् । अर्थात ती बालबालिकाहरू प्राथमिक शिक्षाको पहुँचभन्दा टाढा रहेका छन् । ऐतिहासिक राजनीतिक परिवर्तनबाट नेपालमा लोकतन्त्रको स्थापनापश्चात् निर्मित अन्तरिम् संविधान २०६३ मा समेत शिक्षालाई मौलिक हकको रूपमा स्वीकार गर्नुका साथै सबै ठाउँको सन्तुलित विकासको लागि आर्थिक लगानी न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताका स्वास्थ्य, शिक्षा, आवास , रोजगारीजस्ता आधारभूत कुराहरूको विकास गरी मानिसको जीवनस्तर उकास्ने र सुखी सम्पन्न बनाउने नीति राज्यले लिनु पर्ने व्यवस्था भए तापनि अहिलेसम्म सरकारले पिछडिएका आदिबासी जनजाति तथा दलित बालबालिकाहरूलाई समान गुणस्तरको निःशुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति दिन सकेको छैन । यसर्थ शैक्षिक नीति निर्माता, शिक्षक , अभिभावक, व्यवस्थापन पक्ष शोधकर्ता, शिक्षाविद् लगायत शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरूका लागि यस्ता बालबालिकाहरूको शिक्षामा पहुँच कसरी पुऱ्याउने भन्ने सवाल एक चुनौतीको विषय बनेको छ ।

यसै सन्दर्भमा पूर्वी नेपालको झापा र मोरङ जिल्लामा बर्षौं देखि बसोबास गर्दै आएका एक अल्पसङ्ख्यक तथा अति पिछडिएका आदिबासी जनजाति गन्गाई जातिका धेरै जसो विद्यालय उमेरका बालबालिकाहरूको विद्यालयमा ज्यादै न्यून सहभागिता देखिए तापनि बीचैमा कक्षा छाड्छन् । गन्गाई जातिको कमजोर आर्थिक अवस्था सामाजिक पछौटेपनका कारण बालबालिकाहरूको विद्यालयमा ज्यादै कम उपस्थिति देखिन्छ । यसर्थ झापा जिल्लाका सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा गन्गाई बालबालिकाहरूको राम्रो सहभागिता हुन नसक्नु, विद्यालय शिक्षा पूरा नगर्नु, गन्गाई विद्यार्थीहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन नसक्नुको साथै गन्गाई अभिभावकहरूको शिक्षा प्रतिको दृष्टिकोण कस्तो रहेको छ ? विद्यालयमा गन्गाई विद्यार्थीहरूको कम सहभागिता हुनका कारणहरू के-के हुन सक्छन् ? जस्ता समस्याहरूमा केन्द्रित भई गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच विषयक यो शोधकार्य गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि समाजको विकासमा सामाजिक परिवर्तन हुनु पर्दछ । यसका लागि समाजमा बसोबास गर्ने हरेक जातजातिको उत्थान र तिनीहरूको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, सामाजिक नेतृत्व तथा राजनीतिक विकास हुन जरूरी हुन्छ । यसबाट नै एउटा राष्ट्र बन्न सक्छ । यी सबैको विकास शिक्षाले मात्र गर्दछ । त्यसैले हरेक देशको आम नागरिकलाई समान रूपमा शिक्षा प्रदान गर्नु देशको प्रमुख दायित्व हुनुको साथै यसको परिपूर्ति पनि राज्यले गर्नु पर्दछ । हाल सञ्चालित EFA ( २००४-२००९) कार्यक्रमले लिएका प्रमुख उद्देश्यहरूमध्ये प्राथमिक शिक्षा सबैको समान सहभागिता एउटा मुख्य उद्देश्यको रूपमा रहेको छ । तर नेपालमा अझै पनि विशेष गरी पिछडिएका आदिबासी जनजाति तथा दलितका बालबालिकाहरू प्राथमिक शिक्षाको पहुँचबाट टाढा रहेका छन् । यस्तै पिछडिएका जनजातिहरूमध्ये गन्गाई जाति शैक्षिक रूपमा अत्यन्त पछाडि परेको जाति हो जुन शिक्षाको पछौटेपनबाट नै आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा पनि राष्ट्रिय मूलधारबाट टाढा रहेको छ । यसर्थ गन्गाई जातिका प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरूको सन्दर्भमा गरिएको यस अध्ययनबाट विद्यालयहरूमा गन्गाई बालबालिकाहरूको कम सहभागिता हुने कारण बारे विश्लेषण गरी तथा त्यस सम्बन्धमा आवश्यक तथ्य हासिल गर्न विद्यालय तथा सम्बन्धित सरोकारवालालाई सहयोग पुग्नेछ ।

यस अध्ययनले गन्गाई जातिका लागि सचेतनामूलक कार्यक्रमबाट शिक्षा प्रतिको धारणा सकारात्मक बनाउन तथा गन्गाई बालबालिकाहरूको वास्तविक शैक्षिक पहुँचको स्थिति बारे आवश्यक तथ्य पत्ता लगाई विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई प्राथमिक शिक्षाको पहुँचमा ल्याउन सम्बन्धित सबैलाई सहयोग पुगेको छ । यसै गरी गन्गाई जातिका बालबालिकाहरूको मुख्य शैक्षिक समस्याहरू पहिचान गरी सोही अनुसार विद्यालयमा शैक्षिक वातावरण सृजना गर्न विद्यालयका शिक्षकलाई सघाउ पुऱ्याउन, शैक्षिक पहुँचका लागि दीर्घकालीन योजना बनाउन, गन्गाई जातिका लागि उपयुक्त शैक्षिक नीति निर्माण गर्न र गन्गाई समुदायको शैक्षिक विकासका लागि भावी शैक्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्न सम्बन्धित सबै निकाय तथा सरोकारवालालाई ध्यानाकर्षण गराउन यस अध्ययनबाट सहयोग पुगेको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

(क) गन्गाई जातिका बालबालिकाहरूको वर्तमान शैक्षिक अवस्था पहिचान गर्नु ।

(ख) गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँचको स्थिति विश्लेषण गर्नु ।

(ग) गन्गाई जातिका बालबालिकाहरूको शैक्षिक अवस्थामा देखा परेका समस्याहरू पहिचान गरी समाधानका उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू रहेका छन् :

क) गन्गाई जातिको घर परिवारमा शैक्षिक परिवेश कस्तो छ ?

ख) गन्गाई जातिका विद्यार्थीहरूको प्राथमिक शिक्षामा पहुँचको स्थिति कस्तो छ?

ग) गन्गाई विद्यार्थीहरू विद्यालयमा नियमित हुन्छन् कि हुँदैनन् ?

घ) आफ्ना बालबालिकाहरूका शैक्षिक सवालमा गन्गाई अभिभावकहरूको धारणा कस्तो छ ?

ङ) विद्यालयमा अध्ययन गर्दा गन्गाई विद्यार्थीहरूलाई आई पर्ने समस्याहरू के के हुन् ?

च) प्राथमिक शिक्षामा गन्गाई बालबालिकाहरूको पहुँच बढाउन तथा उनीहरूको शैक्षिक स्थितिमा सुधार ल्याउन के-कस्ता उपायहरू अवलम्बन गर्नु पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन झापा जिल्ला टाघनडुब्बा स्रोतकेन्द्र अन्तर्गतका २० वटा सामुदायिक विद्यालयहरूमध्ये ६ वटा विद्यालयका प्रा.वि. तहमा अध्ययन गर्ने गन्गाई जातिका बालबालिकाहरूको अध्ययनसँग सम्बन्धित छ । यस अध्ययनले गन्गाई विद्यार्थीहरूका अध्ययनसँग सम्बन्धित विद्यालय वा निकायबाट २०६६, २०६७ र २०६८ को तथ्याङ्क लिई समबन्धित विद्यलयमा प्र.अ., शिक्षक, गन्गाई विद्यार्थी, तिनीहरूका अभिभावक तथा स्रोतकेन्द्रका स्रोतव्यक्तिसँगको छलफल, अन्तरक्रिया र प्रश्नावली भराई गन्गाई विद्यार्थीहरूको नियमितता, शैक्षिक उपलब्धि, शैक्षिक समस्या तथा समस्या समाधानका उपायहरूबारे व्याख्या र विश्लेषण गरिएको छ ।

## १.७ शब्दावलीको अर्थ र परिभाषा

पहुँच : लक्ष्य प्राप्त गर्ने काम ।

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय ।

भर्ना दर : शैक्षिक सत्रको सुरूमा विद्यालयमा भर्ना हुने विद्यार्थीको भर्ना स्थिति ।

कक्षा छाड्ने दर : शैक्षिक सत्रको बिचैमा कक्षा छाड्ने विद्यार्थीको स्थिति ।

आधारभूत शिक्षा : कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षा ।

शैक्षिक पक्षघात : शैक्षिक रूपमा अपाङ्ग भएको ।

शैक्षिक वातावरण : पढाइ लेखाइको लागि अनुकूल वातावरण ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

प्रस्तुत शीर्षकको शोधअध्ययनलाई अगाडि बढाउन सम्बन्धित केही प्रतिवेदनहरू, लेख, विचार, पत्र-पत्रिका तथा शोधहरूको अध्ययन गरी निम्नअनुसार पुनरावलोकन गरिएको छ ।

सेनेगलको डकार २६-२८ अप्रिल २००० मा अनुमोदित घोषणाअनुसार विश्वव्यापी प्राथमिक शिक्षालाई सहस्राव्दी विकासको मूख्य लक्ष्यको रूपमा संयुक्त राष्ट्र सङ्घ (UNO) का सबै सदस्य राष्ट्रहरूले प्रतिबद्धता जनाएपछि सन् २००० को अप्रिल २६-२८ मा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा "सबैका लागि शिक्षा"घोषणा गर्दै सन् २०१५ सम्ममा निःशुल्क तथा अनिवार्य गुणस्तरीय प्राथमिक शिक्षा सबै बालबालिका विशेष गरी छात्रा, कठिन अवस्थाका बालबालिका तथा अल्पसङ्ख्यक जातजातिका बालबालिकाहरूको पहुँचमा पुऱ्याउने सुनिश्चिताका लागि सम्मेलनमा सहभागी राष्ट्रहरूद्वारा हस्ताक्षर गरिएको थियो । नेपाल पनि उक्त घोषणापत्रमा हस्ताक्षर गर्ने विश्व शिक्षा मञ्चको सदस्य राष्ट्रको रूपमा "सबैका लागि शिक्षा" को उद्देश्य निर्धारित समयमा प्राप्त गर्ने उद्देश्यले EFA लाई राष्ट्रिय प्राथमिकताको कार्यक्रमअन्तर्गत राखी नेपाल सरकारद्वारा मुख्य ६ वटा उद्देश्यका साथ सबैका लागि शिक्षा - एउटा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) तयार गरिएको छ । उक्त ६ वटा उद्देश्यहरू मध्ये भाषिक रूपमा अल्पसङ्ख्यक तथा आदिबासी जनजातिका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न शिक्षामा समान सहभागिता हुनु पर्ने एउटा प्रमुख उद्देश्यको रूपमा रहेको छ (स्टाटस् रिर्पोट-२०६६) ।

"शैक्षिक विकेन्द्रीकरण अवधारणा, आवश्यकता र चुनौती" लेखमा पुण्यप्रसाद न्यौपानेले नेपालमा सबैका लागि शिक्षा सर्वसुलभ हुन सकेको छैन भनेका छन् । शैक्षिक विकेन्द्रीकरणको मुख्य उद्देश्य शिक्षाको पहुँच वृद्धि गराउनु हो । विद्यालय नगएका लक्षित समूह जसभित्र आदिबासी जनजातिका बालबालिकाहरू समेत पर्दछन् । तिनीहरूलाई न्यायोचित शैक्षिक सेवा पुऱ्याउनु नै विकेन्द्रीकरणको उद्देश्य हो भन्ने विचार लेखकको छ (महिला शिक्षा २०६१, पृष्ठ १) ।

फर्मेटिभ अनुसन्धान परियोजनाले गरेको अनुसन्धान (२०६०) अनुसार पिछडिएका समूहको शिक्षा प्रति पहुँचमा विशेष लक्षित समूहका बालबालिकाहरूलाई नकारात्मक असर पार्ने प्रत्युत्युप्रेरकको रूपमा लिइएको छ ।

अध्ययन सर्वेक्षणबाट पाइएको तथ्याङ्कबाट केही क्षेत्रहरूमा विद्यालय घरबाट टाढा भएको पाइयो । उनीहरुमा सामाजिक विभेदको मनोविज्ञान अहिले पनि प्रचलित छ । यस क्षेत्रमा जिल्ला शिक्षा कार्यालयको विद्यालय नक्साङ्कन खाकाभित्र विशेष लक्षित समूहका बालबालिकाहरूको विस्तृत विवरण समावेश हुन सकेको छैन । आर्थिक पक्ष अझ पनि विशेष लक्षित समूहका बालबालिकाहरूको सहभागिता जुटाउने कार्यमा बाधा पुऱ्याउने एउटा प्रमुख तत्व रहेको छ ।

आचार्य, (२०६१) ले सुर्खेत जिल्लाको लाटीकोइली स्रोतकेन्द्र अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत "थारू जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता" भन्ने शीर्षकमा शोधपत्र तयार गर्नुभएको छ । यो शोधपत्र अध्ययनमा थारू जातिको परम्परागत सामाजिक संस्कार मध्यपान गर्ने कुसंस्कार, अभिभावकमा शैक्षिक चेतनाको अभाव तथा कमजोर आर्थिक अवस्था नै शैक्षिक समस्याका कारण हुन् भन्दै शोधकर्ताले यसको समाधानका लागि थारू जातिको शैक्षिक विकास र शिक्षामा पहुँचका लागि शिक्षामा सुनिश्चिता र रोजागारमा आरक्षणको आवश्यकता रहेको दृष्टिकोण उल्लेख गर्नु भएको छ ।

शर्मा, (२०६२) ले झापा जिल्लाको प्राथमिक विद्यालयमा "दलित विद्यार्थीहरूल विद्यालय छोड्ने कारणहरूको एक अध्ययन" बारेमा अध्ययन प्रतिवेदन तयार गर्नुभएको छ । यस अध्ययनमा दलित अभिभावकहरूको निरक्षरता, कमजोर आर्थिक अवस्था छोरा र छोरीमा भेदभाव पौष्टिक आहाराको कमी तथा ठूला उमेरमा विद्यालयमा भर्ना हुने अवस्थाले नै दलित बालबालिकाहरू बीचैमा कक्षा छोड्नु पर्ने समस्या रहेको उल्लेख गरिएको छ ।

ढकाल, (२०६३) ले बर्दिया जिल्लाको "थारू छात्राहरूको प्राथमिक तहको शैक्षिक अवस्था" भन्ने शीर्षकमा शोधपत्र तयार पार्नु भएको छ । अध्ययनमा शोधकर्ताले थारू समुदायको परम्परागत रूढिवादी सोच, शैक्षिक चेतनाको कमी र कमजोर आर्थिक स्थितिका कारण थारू छात्राहरू नियमित विद्यालय नजाने र बीचैमा कक्षा छाड्ने गर्नाले शैक्षिक अवस्था कम्जोर रहेको कुरा उल्लेख गर्नु भएको छ । यसका लागि थारू समुदायमा विद्यमान रहेको परम्परागत कुसंस्कार हटाउन शैक्षिक सन्देशमूलक जागरण कार्यक्रम सञ्चालन गर्नु

पर्ने, जेहेन्दार थारू छात्राहरूको लागि दिइने पुरस्कार वा छात्रवृत्तिमा निरन्तरता दिनु पर्ने, विद्यालयले थारू छात्राहरूलाई विशेष प्राथमिकता दिनु पर्ने तथा थारू समुदायमा शैक्षिक उत्प्रेरणा बढाउन उक्त समुदायका शिक्षित तथा दक्ष जनशक्तिलाई शिक्षण पेसामा समावेश गराउनु पर्ने जस्ता सुझावहरू समेत अध्ययनमा प्रस्तुत गर्नुभएको छ ।

तामाङ, (२०६४) ले नुवाकोट जिल्लाको मदानपुर गा.वि.स.अन्तर्गतका सार्वजनिक माध्यमिक विद्यालयहरूमा तामाङ विद्यार्थीहरूको शिक्षामा पहुँचलाई प्रभाव पार्ने तत्वहरूको अध्ययन भन्ने शीर्षकमा शोधपत्र तयार गर्नु भएको छ । शोधकर्ताले तामाङ बालबालिकाहरूको सम्बन्धमा तल्लो कक्षामा बढी सहभागी भए तापनि माथिल्लो कक्षामा क्रमैसँग घट्दै गएको उल्लेख गर्नुभएको छ । सो अध्ययनमा अभिभावकको अज्ञानता, चेतनाको कमी, कम्जोर आर्थिक अवस्था, सामाजिक भेदभाव, उमेर नाघेपछि विद्यालयमा भर्ना हुने प्रवृत्ति, विद्यालयमा तामाङ् विद्यार्थीले भोग्नु पर्ने हेय व्यवहार र विद्यालयमा शिक्षकद्वारा तामाङ विद्यार्थीप्रति गरिने व्यवहार सकारात्मक नहुनु आदि तामाङ विद्यार्थीको प्रमुख शैक्षिक समस्याहरू रहेको उल्लेख गरिएको छ । यसका लागि शोधकर्ताले तामाङ जातिप्रति गरिने भेदभावमा सामाजिक सुधार , विद्यालयमा समान व्यवहार तथा आर्थिक सुधारका लागि स्वरोजगारमूलक कार्यक्रम ल्याउनु पर्ने जस्ता सुझावहरू उल्लेख गर्नुभएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

प्रस्तुत शोधअध्ययन पाउलो फ्रेरेको उत्पीडित शिक्षा सिद्धान्तद्वारा निर्देशित रहेको छ । कुनै पनि शोधकार्य गर्ने क्रममा शोधकार्यको विषयसँग सम्बन्धित सन्दर्भ सामग्रीहरूको अध्ययन गर्नुपर्ने आवश्यक हुन्छ । तसर्थ यस अध्ययनलाई अगाडि बढाउन निम्नलिखित विचार, पुस्तक, लेख, पत्र-पत्रिका तथा विगतमा गरिएका सम्बन्धित शोधपत्रहरूलाई मुख्य आधार बनाइएको छ :

फ्रेरे, (१९७०) का अनुसार कुनै पनि देश वा राष्ट्रको समुचित विकासको लागि त्यस देशमा बसोबास गर्ने सबै जातजाति र समुदायको शिक्षामा पहुँच हुनु पर्दछ । अन्यथा शैक्षिक पक्षघात (Education paralysis) को अवस्था भोग्नु पर्दछ । शिक्षामा आधुनिक प्रबृत्ति वा नवप्रवर्तनको रूपमा नव प्रवर्तनात्मक शैक्षिक सिद्धान्तका प्रतिपादक पाउलो फ्रेरेको जन्म सन् १९२१ मा एक गरीब परिवारमा भएको थियो । बीसौं शताब्दीका विश्व

चर्चित शिक्षाशास्त्रीको नामले परिचित फ्रेरे आफ्नो विद्यालय जीवन ब्राजिलको जाबोटाओ सहरका मजदुर र गरीब किसानका छोराछोरीका साथ गरिबी र अभावसँगै पार गरेकाले त्यसले उनको जीवनमा निकै ठूलो प्रभाव पारेको थियो । यसैको प्रभावले नै उनले विश्व चर्चित पुस्तक “पेडागोजी अफ द अप्रेस्ड” (उत्पीडितको शिक्षा) लेखे, जुन सन् १९७० मा न्युयोर्कबाट प्रकाशित भयो । उनको यही पुस्तक पेडागोजी अफ द अप्रेस्ड (१९७०) प्रकाशन भएपछि शिक्षामा नयाँ चिन्तनको शुरूवात भयो । उनले उपेक्षित उत्पीडित समुदायलाई शैक्षिक अवसरको उपयोगका लागि आफ्नो पुस्तक पेडागोजी अफ द अप्रेस्ड मार्फत सन्देश दिँदै अधिकारका लागि सङ्गठित हुन आग्रह गरेका थिए । उनका अनुसार उत्पीडितलाई सर्वप्रथम मुक्तिको लागि शिक्षा आवश्यक हुन्छ ।

उत्पीडित चेतनालाई अन्तस्करण गर्नु पर्दछ । जसले गर्दा अन्तरदृष्टिबाट चेतनाको द्वार खुल्छ जसको परिणामस्वरूप चेतना पैदा भई सिकाइको लागि सक्रिय हुन्छ । फ्रेरेका अनुसार सही शिक्षा संवाद हो, जसले एक अर्काबीच सञ्चार बढाउँछ र यही सञ्चारले नै शिक्षा प्रदान गर्दछ । अतः उत्पीडितसँग संवाद भएमा समस्याहरू पत्ता लाग्नुको साथै समाधानका उपायहरू पनि पत्ता लाग्दछ ।

फ्रेरेले औपचारिक शिक्षाको खुलेर आलोचना गरेका छन् । उनी सहभागितामूलक शिक्षणविधि (Inclusive Teaching Method) को प्रयोग एवम् कामसँग सरोकार राख्नेका पक्षमा उभिएका थिए ।

त्यसैले गन्गाई पनि उत्पीडित जाति भएकाले उपयोगी र सुलभ हुने खालको शिक्षाद्वारा मात्र यिनीहरूको शिक्षामा पहुँच बढाउन सकिन्छ । गन्गाई पनि सामाजिक उत्पीडित वा पिछडिएको जातिमा पर्ने भएकाले यसको ढाँचामा फ्रेरेको सोचाइ वा चिन्तनलाई यो शोधको लागि आधार बनाइएको छ (शर्मा, २०६४ बाट उद्धृत) ।

मास्लो (१९४३) का अनुसार आवश्यकता बिना मानिस कुनैकाम गर्न क्रियासिल हुँदैन । त्यसको लागि उसलाई प्रेरित गर्नु पर्छ । मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । त्यसको परिपूर्तिपश्चात् पनि अन्य इच्छा, आवश्यकता र चाहना थप भइरहन्छन् । मानिसका कुनै पनि चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन, जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुने गर्छ । निम्नस्तरको धेरै

आवश्यकताको परिपूर्ति पछि प्राथमिकता क्रमको आधारमा उच्च स्तरको आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छ (कोइराला र श्रेष्ठ, २०५९ बाट उद्धृत) ।

मास्लोले मानिसको आवश्यकतालाई शृङ्खलाबद्ध तवरले श्रेणीमा विभाजन गरेका छन् । न्यूनस्तरको आवश्यकता पूरा हुँदै माथिल्लो स्तरको आवश्यकता पूरा गर्न मानिस उत्प्रेरित हुने गर्छ । आवश्यकता सम्बन्धी यो सिद्धान्तले  विद्यालय छोडेका, विपन्न, दलित महिला तथा पिछडिएका समुदायका बालबालिकाहरूको आवश्यकता परिपूर्ति गर्दै अन्य आवश्यकता पूरा गर्न क्रियाशील बनाउने हुनाले विद्यालयमा पहुँच गराउन परिमाणात्मक र गुणात्मक तथ्यको आधारमा विश्लेषण गर्न अध्ययनको वैचारिक खाकाको रूपमा लिइएको छ ।

John Ogbu ले आफ्नो सिद्धान्तमा अल्पसङ्ख्यक जातीय समूह (Caste minority group) को शिक्षा र पेसाको बारे प्रस्तुत धारणा यस शोधअध्ययनसँग सान्दर्भिक छ । अग्बुको भनाईअनुसार अल्पसङ्ख्यक जातीय समूहका बालबालिकाहरूले विद्यालय सफलतालाई प्रवर्द्धन गर्ने संस्कृति नै पाउँदैनन् । यी समूहहरूमा एकातिर अभिभावहरूले नै विद्यालय पहुँच दिँदैनन् भने अर्कोतिर संस्थागत भेदभावले उनीहरूलाई विद्यालय जान वा विद्यालयमा सफलता हासिल गर्नबाट रोक लगाउँछन् ।  यस अर्थमा शिक्षा उनीहरूको निम्ति जीवनयापनको आवश्यक साधन नै होइन । तसर्थ यी समूहहरूले विद्यालयप्रति नकरात्मक धारणाको विकास गर्दछन् । अग्बुको भनाइमा यसो हुनुमा सामाजिक तत्वहरूको भूमिका हुन्छ । उनी ती तत्वहरूलाई कामको उपलब्धता, काममा पहुँच र “अल्पसङ्ख्यक जातिय समूहले इच्छा गरेको काम गर्नबाट बञ्चित हुनुपर्ने अनुभवसँग गाँस्दछन् । उनी भन्दछन्- अल्पसङ्ख्यक जातीय समूहहरूले शैक्षिक सफलताको निर्णय उनीहरूले भोग्नु पर्ने काम (Job) को सीमासँग सम्बन्धित हुन्छ” (आचार्य, २०६१, पृष्ठ ३८) ।

## २.३ शैक्षिक उपादेयता

प्रस्तुत शीर्षकको शोधअध्ययनका लागि प्रयोग गरिएका सैद्धान्तिक खाकाको रूपमा पाउलो फ्रेरेको उत्पीडितको शिक्षा सिद्धान्त (पेडागोजी अफ द अप्रेस्ड) तथा पूर्व साहित्यहरूको पुनरावलोकनबाट शिक्षाको पहुँचबाट टाढा रहेका बालबालिकाहरूलाई विद्यालयको दायराभित्र ल्याउन सहयोग पुग्ने कुरा निर्देशित हुनेछ भन्ने विश्वास गरिएको छ । हरेक देशले सम्पूर्ण नागरिकलाई सामाजिक रूपमा अग्रसर गराउन उनीहरूका लागि

शिक्षाको सुनिश्चितता गर्नु देशको प्रमुख दायित्व हुन्छ । राष्ट्रको समुचित विकासका लागि त्यस देशमा बसोबास गर्ने सबै जातजाति र समुदायको शिक्षामा पहुँच हुनु पर्दछ । उत्पीडितको मुक्तिको लागि शिक्षा आवश्यक हुन्छ  उत्पीडित जातिको समस्या पहिचान गर्न र समाधानका लागि उपायहरू पत्ता लगाउन उनीहरूसँग संवादको आवश्यकता पर्दछ । संवाद र सञ्चार शिक्षाबाट मात्र सम्भव हुन्छ भन्ने फ्रेरेको उत्पीडितको शिक्षा सिद्धान्तमा आधारित रहेको छ । पुनरावलोकन गरिएको सम्बन्धित शोध अध्ययनहरूबाट यस शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन सहयोग पुगेको छ । अन्य लेख र शिक्षा विभागका प्रतिवेदनको अध्ययनले यस शोधकार्यलाई पूरा गर्न थप सहयोग पुऱ्याएको छ ।

सबैका लागि शिक्षाको सन्दर्भमा शिक्षामा पहुँच नपुगेका बालबालिकाहरूलाई विद्यालयको दायरामा नल्याएसम्म सन् २०१५ सम्ममा निःशुल्क अनिवार्य प्राथमिक शिक्षा हरेक बालबालिकाहरूको पहुँचमा पुऱ्याउने लक्ष्य सफल हुन सक्तैन । हालसम्मका अनुसन्धानहरूमा आदिबासी जनजाति अन्तर्गतका विभिन्न जातजातिको आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक विषयमा शोधअनुसन्धानहरू भए तापनि नपालकै आदिबासी जनजातिमा पर्ने गन्गाई जातिका बालबालिकाहरूको शिक्षामा पहुँच सम्बन्धमा आजसम्म कुनै शोधअनुसन्धान नगरिएकोले प्रस्तुत शीर्षकमा गरिएको यस शोध अनुसन्धानले अधिराज्यमा रहेका अन्य आदिबासी जनजातिका बालबालिकाहरूको शिक्षामा पहुँच विषयमा अध्ययन-अनुसन्धान गर्नका लागि आवश्यक सहयोग पुग्ने विश्वास गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शीर्षकको शोधअध्ययन सबै विधिमा आधारित रहेको छ। अध्ययनका लागि पमिाणात्मक र गुणात्मक दुवै अध्ययन ढाँचा अवलम्बन गरिएको छ। तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा विभिन्न चित्र, तालिका, प्रतिशत आदिमा प्रस्तुत गरिएको छ। साथै अध्ययन क्षेत्रका सम्बन्धित सरोकारवालाहरूसँगको छलफल, अन्तरक्रिया र भराइएका प्रश्नावलीबाट प्राप्त तथ्याङ्क र सूचनालाई गुणात्मक पक्षबाट व्याख्या तथा विश्लेषण गरिएको छ।

## ३.२ जनसङ्ख्या

यो शोधअध्ययनका लागि झापा जिल्ला टाघनडुब्बा स्रोतकेन्द्रअन्तर्गत सञ्चालित २ उच्च मा.वि., १ माध्यमिक विद्यालय, ४ निम्न मा.वि. र १३ प्रा.वि.गरी २० सामुदायिक विद्यालयहरूमध्ये ६ विद्यालयका प्र.अ., शिक्षक, गन्गाई विद्यार्थीहरू, उनीहरूका अभिभावकहरू र स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई जनसङ्ख्याको रूपमा लिएको छ।

## ३.३ नमूनाको आकार

यो अध्ययनका लागि टाघनडुब्बा स्रोतकेन्द्रअन्तर्गतका २० विद्यालयहरूमध्ये ६ विद्यालयहरू छनौट गएिको छ । उक्त नमूना विद्यालयहरूसँग सम्बन्धित गन्गाई विद्यार्थीहरूमध्ये २४ जना, उनीहरूका अभिभावक २४ जना, सम्बन्धित तहका शिक्षकहरू १२ जना , प्रधानाध्यापकहरू ६ जना र स्रोतव्यक्ति १ जना गरी जम्मा ६७ जनालाई अध्ययनका लागि छनौट गरिएको छ। जुन अनुसूची १७ र १८ मा उल्लेख गरिएको छ।

## ३.४ नमूना छनौट प्रक्रिया

माथि उल्लेख गरिएका जनसङ्ख्याहरूबाट विद्यालयमा अध्ययनरत गन्गाई विद्यार्थी, तिनीहरूका अभिभावक, शिक्षक, प्र.अ. र स्रोतव्यक्तिहरूको छनौट गर्दा उपलब्धताको आधारमा यादृच्छिक नमूना छनौट विधि (Random Sampling Method) को प्रयोग गरिएको छ।

## ३.५ नमूना छनौटको आधार

नमूनाको रूपमा ६ वटा विद्यालय र त्यसअन्तर्गतका विद्यार्थी, अभिभावकहरू र शिक्षकहरू यादृच्छिक नमूना छनौटद्वारा छनौट गर्दा अध्ययनका तथ्यपूर्ण तथ्याङ्क प्राप्त हुने विश्वास गरिएको छ । यस टाघनडुब्बा स्रोतकेन्द्रको सेवा क्षेत्रभित्र गन्गाई जातिको घना आवादी भए पनि विद्यालय जाने उमेर समूहका गन्गाई बालबालिकाहरूको विद्यालयमा कम सहभागिता देखिएकाले उक्त बालबालिकाहरूको शैक्षिक स्थिति पत्ता लगाउन स्रोतकेन्दअन्तर्गतका सामुदायिक विद्यालयहरूलाई अध्ययनका लागि नमूना छनौट गरिएको छ । समय, स्रोत र साधनलाई आधार बनाएर नमूनाको रूपमा उल्लेखित आकार निर्धारण गरिएको छ ।

## ३.६ अध्ययनका साधनहरु

प्रस्तुत अध्ययनका लागि निम्नानुसारको साधनहरु प्रयोग गरिएको छ ।

### ३.६.१ सर्वेक्षण फारम

नमूना छनौटमा परेका विद्यालयमा उपलब्ध तथ्याङ्कका आधारमा गन्गाई बालवालिकाहरु संग सम्बन्धित विविध शैक्षिक तथ्याङ्कहरु लिनका लागि अनुसूची १ र २ मा उल्लेख गरिएको सर्वेक्षण फारम प्रयोग गरिएको छ ।

### ३.६.२ प्रश्नावली

अध्ययनको प्रारम्भिक तथ्याङ्क संकलनको रुपमा प्रश्नावलीलाई लिइएको छ । नमूना विद्यालयको शिक्षक, प्र.अ. गन्गाई विद्यार्थीहरु, उनीहरुका अभिभावकहरु तथा स्रोतव्यक्तिसंग अनुसूची ११, १२, १३ र १४ मा उल्लेखित प्रश्नावली मार्फत तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.३ सामूहिक छलफल

गन्गाई विद्यार्थीहरुको प्राथमिक शिक्षामा पहुँच सम्बन्धमा क्षेत्रगत अध्ययन अवलोकन गर्नुको साथै सम्बन्धित सरोकारवालहरुसंग सामूहिक छलफल गरि सत्य तथ्य खोजी गरिएको छ । छलफलका लागि निर्धारण गरिएका विषयहरु अनुसूची १५ मा उल्लेख गरिएको छ ।

### ३.६.४ अन्तरवार्ता

प्रारम्भिक तथ्याङ्कका लागि गन्गाई अभिभावकहरुसँग लिइएको अन्तर्वार्ताको प्रश्नावली अनुसूची १६ मा उल्लेख गरिएको छ ।

## ३.७ अनुसन्धानका साधनहरूको वैद्यता

छलफल, प्रश्नावली, सर्वेक्षण फाराम र अन्तरवार्ता नै यस अध्ययनका प्रमुख साधन हुन् । यसलाई विश्वसनीय र भरपर्दो बनाउनका लागि आन्तरिक शोधनिर्देशकको मातहतमा रही सुरूदेखि अन्तिमसम्म सम्पूर्ण काम पूरा गरी यस अनुसन्धान कार्यलाई वैद्यता प्रदान गरिएको छ ।

## ३.८ तथ्याङ्कका स्रोतहरू

यो अध्ययनका लागि प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ ।

**क) प्राथमिक स्रोत :**

सर्वेक्षण फाराम, प्रश्नावली, अन्तरवार्ता र छलफललाई तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

**ख) द्वितीय स्रोत :**

तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतका रूपमा नमूना छनौटमा परेका विद्यालय अभिलेखहरू, हाजिरी खाता, परीक्षाफल पुस्तिका, भर्ना पुस्तिका तथा जि.शि.का. र स्रोतकेन्द्रका शैक्षिक अभिलेख (रिपोर्ट पुस्तिका) आदि रहेका छन् ।

## ३.९ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शोधकार्यलाई उद्देश्यमूलक बनाउन निर्धारण गरिएका उद्देश्यहरूका आधारमा तथ्याङ्क सङ्कलनका लागि शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई वास्तविक यथार्थ अवलोकन गर्नुका साथै नमूना छनौट गरिएका विद्यालय प्र.अ., शिक्षक, गन्गाई विद्यार्थी, अभिभावकहरू तथा स्रोतव्यक्तिसँग प्रश्नावली मार्फत र अध्ययनक्षेत्रको सरोकारवालाहरू बीच सामूहिक छलफल, अन्तरवार्ता र अन्तरक्रियासमेत गरी आवश्यक तथ्य एवम् जानकारी हासिल गरिएको छ । विद्यालयका रेकर्डहरू हेरी विद्यार्थीहरूको विवरण तयार गरिएको छ ।

## ३.१० तथ्याङ्क विश्लेषण प्रक्रिया

शोधअध्ययनका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार बेग्ला-बेग्लै तालिकामा राखी प्रतिशत, अङ्कगणितीय मध्यक, स्तम्भचित्र तथा बृत्तचित्रका माध्यमबाट प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

यो अध्ययन पूरा गर्न विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई तालिका, स्तम्भचित्र तथा वृत्तचित्रहरूमा प्रस्तुत गरी सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ गन्गाई बालबालिकाहरूको वर्तमान शैक्षिक अवस्था

### ४.१.१ गन्गाई विद्यार्थीको भर्ना विवरण

झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रअन्तर्गत गन्गाई विद्यार्थीहरू अध्ययनरत सामुदायिक विद्यालयहरू मध्ये ६ वटा विद्यालयबाट विद्यार्थी सङ्कलन गरी हेर्दा प्राथमिक तहमा गन्गाई विद्यार्थीहरूको भर्ना स्थिति निम्नानुसार रहेको पाइयो :

(यो अवस्थालाई अनुसूची ३ देखि ८ सम्म देखाइएको छ ।)

तालिका नं. १ कक्षा १ देखि ५ सम्म गन्गाई बालबालिकाहरूको भर्ना स्थिति विवरण

| शैक्षिक वर्ष | जम्मा विद्यार्थी भर्ना | | | गन्गाई विद्यार्थी भर्ना | | | गन्गाई विद्यार्थी भर्ना प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | ८९६ | ९८७ | १८८३ | ११३ | १०४ | २१७ | १२.६१ | १०.५३ | ११.५२ |
| २०६७ | ९०७ | ९११ | १८१८ | १०९ | १११ | २२० | १२.०१ | १२.१८ | १२.१० |
| २०६८ | ७६० | ७४२ | १५०२ | १२० | ११७ | २३७ | १५.७८ | १५.७६ | १५.७७ |

स्रोत : विद्यालय अभिलेख २०६६ - २०६८ ।

उक्त तालिका गन्गाई बालबालिकाहरूको भर्ना स्थितिलाई सारांशमा हेर्दा न्युनतम ८.५५ प्रतिशत र अधिकतम १९.६४ प्रतिशत देखिन्छ । शै.सत्र २०६६ सालको तुलनामा २०६७ सालमा भर्नादर ०.५८ प्रतिशतले वृद्धि देखिएको छ भने २०६७ सालको तुलनामा २०६८ सालको भर्ना वृद्धिदर ३.६७ प्रतिशतले भएको देखिन्छ । भर्ना स्थितिलाई हेर्दा २०६६

र २०६७ साल भन्दा २०६८ सालको भर्नादर हरेक कक्षामा वृद्धि भएको देखिन्छ । २०६१/०६२ देखि सञ्चालन भएको "सबैका लागि शिक्षा" (EFA 2013) कार्यक्रम अन्तर्गत वितरण गरिने छात्रवृत्ति तथा प्रत्येक विद्यालयले शैक्षिक सत्रको सुरूवातमा नै गरिने घरदैलो भर्ना कार्यक्रमले गन्गाई विद्यार्थीहरूको प्राथमिक तहमा भर्नादर २०६८ सालमा बढेको देखिन्छ । यसरी हाल शै.सत्रको सुरूमा गन्गाई बालबालिकाहरूको सहभागितामा वृद्धि भए तापनि अझै पनि गन्गाई बालबालिकाहरू विद्यालयबाहिर रहेका देखिन्छन् । तर ती गन्गाई बालबालिकाहरू प्राथमिक शिक्षा पूरा नै नगरी बीचमै कक्षा छोड्ने समस्या रहेको छ । तर पाउलो फ्रेरेले शिक्षामा सबैको पहुँच हुनुपर्ने कुरा जोड दिएको हुँदा गन्गाई जातिमा बालबालिकाको शिक्षामा पहुँच नदेखिएको हुँदा शिक्षामा सामाजिक न्याय नभएको भन्न सकिन्छ ।

### ४.१.२ बीचैमा कक्षा छाड्ने गन्गाई विद्यार्थीहरूको विवरण

तालिका नं. २ गन्गाई बालबालिकाहरूको बीचमै कक्षा छाड्ने स्थिति विवरण

| शैक्षिक वर्ष | कक्षा | जम्मा भर्ना भएका गन्गाई विद्यार्थी | | | कक्षा छाड्ने गन्गाई विद्यार्थी | | | बीचमै कक्षा छाड्ने गन्गाई विद्यार्थी प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | १ | ३२ | २३ | ५५ | १० | ५ | १५ | ३१.२५ | २१.७४ | २७.२७ |
| | २ | १९ | २४ | ४३ | ० | ६ | ६ | ०.०० | २५.०० | १३.९५ |
| | ३ | १६ | १५ | ३१ | ३ | ४ | ७ | १८.७५ | २६.६७ | २२.५८ |
| | ४ | २७ | २३ | ५० | २ | २ | ४ | ७.४१ | ८.७ | ८.०० |
| | ५ | १९ | १९ | ३८ | १ | २ | ३ | ५.२६ | १०.५३ | ७.८९ |
| | जम्मा | ११३ | १०४ | २१७ | १६ | १९ | ३५ | १४.१६ | १८.२७ | १६.१३ |
| २०६७ | १ | २२ | १९ | ४१ | ५ | ५ | १० | २२.७३ | २६.३२ | २४.३९ |
| | २ | १९ | २८ | ४७ | २ | ० | २ | १०.५३ | ० | ४.२६ |
| | ३ | २४ | २१ | ४५ | ६ | ० | ६ | २५ | ० | १३.३३ |
| | ४ | १९ | २२ | ४१ | ० | ३ | ३ | ० | १३.६४ | ७.३२ |
| | ५ | २५ | २१ | ४६ | ५ | ५ | १० | २० | २३.८१ | २१.७४ |
| | जम्मा | १०९ | १११ | २२० | १८ | १३ | ३१ | १६.५१ | ११.७१ | १४.०९ |

स्रोत : विद्यालय अभिलेख २०६६ - २०६७ ।

उक्त तालिकाबाट गन्गाई बालबालिकाहरूको शै.वर्ष २०६६ र २०६७ को बीचैमा कक्षा छाड्ने दरलाई हेर्दा दुवै वर्षमा सबभन्दा बढी कक्षा छाड्ने दर कक्षा १ मा रहेको छ ।

उक्त वर्षमा सो कक्षामा कक्षा छाड्ने क्रमशः २७.२७% र २४.३९% रहेको छ । शै.सत्र २०६५ मा Internal Efficiency of Jhapa 2065 bY Rc अनुसार उक्त कक्षामा कक्षा छाड्ने दर जिल्लाको रेकर्ड १०.२% र टाघनडुब्बा स्रोतकेन्द्रको २२.३% रहेको देखिन्छ । त्यस्तै गरी जि.शि.का. चन्द्रगढी झापाको वार्षिक स्थिति प्रतिवेदन २०६७/०६८ अनुसार कक्षा १ मा मात्र कक्षा छाड्ने दर १२.३% र कक्षा १ देखि ५ सम्म चाहिँ ५.८% रहेको छ । समग्र रूपमा २०६६ को तुलनामा २०६७ मा प्राथमिक तहको कक्षा छाड्ने दर २.८८ ले घटेको छ । शिक्षा मन्त्रालय शिक्षा विभागद्वारा प्रकाशित कन्सोलिडेटिङ्ग रिपोर्ट २०६६ का अनुसार प्राथमिक तहमा नेपाल अधिराज्यको कक्षा छाड्ने दर २०६५ र २०६६ मा क्रमशः ८% र ६.५% मात्र रहेको देखिन्छ । यसअनुसार २०६६ को नमूना विद्यालयका गन्गाई बालबालिकाहरूको प्राथमिक तहको कक्षा छाड्ने दर केन्द्रको भन्दा २०.७७% ले बढी देखिन्छ । यसबाट अध्ययनका लागि छनौट भएका विद्यालयहरूमा गन्गाई बालबालिकाहरूको प्राथमिक तहको कक्षा छाड्ने दर अत्यधिक रहेको छ । यसो हुनुमा छात्रवृत्ति पाउने आशामा गन्गाई बालबालिकाहरू शुरूमा विद्यालय भर्ना हुने तर कमजोर आर्थिक अवस्थाका कारण तथा घरको कामकाजमा सहयोग गर्नुपर्ने  र साना भाईबहिनी हेर्नुपर्ने हुँदा उनीहरू बीचमै विद्यालय छाड्न बाध्य भएको देखिन्छ । यसै सन्दर्भमा अग्बुले अल्पसङ्ख्यक जातिय समूहहरूले शैक्षिक सफलताको निर्णय उनीहरूले भोग्नु पर्ने कामको सीमासँग सम्बन्धित हुन्छ भन्ने कुरा उल्लेख गरेको पाइन्छ ।

यसरी गन्गाई बालबालिकाहरूको कक्षा छोड्ने दर पारिवारिक, आर्थिक तथा व्यक्तिगत समस्याका कारण उच्च देखिएको छ । कक्षा अवलोकन गरी हेर्दा गन्गाई विद्यार्थी अक्सर कक्षाकोठाको अन्तिम बेन्चमा बस्न रूचाउँछन् र बुझ्नेनबुझ्केकोमा खासै प्रतिक्रिया पनि दिएको पाइएन । विद्यालयले सो समस्या समाधानका लागि न्यायोचित कदम चाल्नु पर्ने देखिन्छ साथै वर्ग शिक्षकले विद्यार्थीको उचाइको र समावेशी बसाइको आधारमा कक्षा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । कक्षा छोड्ने दरलाई न्यूनीकरण गर्नका लागि विद्यालयका प्र.अ. ले गन्गाई अभिभावकहरूसँग बेला-बेलामा अन्तरक्रिया गरिरहनु पर्ने देखिन्छ ।

## ४.१.३ परीक्षामा उत्तीर्ण हुने गन्गाई विद्यार्थी विवरण

तालिका नं. ३ गन्गाई बालबालिकाहरूको परीक्षामा उत्तीर्ण स्थितिको विवरण

| शैक्षिक वर्ष | क्र.सं. | परीक्षामा सामेल गन्गाई विद्यार्थी | | | परीक्षामा उत्तीर्ण गन्गाई विद्यार्थी | | | गन्गाई विद्यार्थी उत्तीर्ण प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | १ | २२ | १७ | ३९ | २२ | १७ | ३९ | १०० | १०० | १००.०० |
| | २ | २० | १७ | ३७ | २० | १६ | ३६ | १०० | ९४.१२ | ९७.३० |
| | ३ | १२ | १२ | २४ | १२ | १२ | २४ | १०० | १०० | १००.०० |
| | ४ | २४ | २० | ४४ | २४ | १८ | ४२ | १०० | ९० | ९५.४५ |
| | ५ | २१ | १८ | ३९ | १९ | १८ | ३७ | ९०.४६ | १०० | ९४.८७ |
| | **जम्मा** | ९९ | ८४ | १८३ | ९७ | ८१ | १७८ | ९७.९८ | ९६.४३ | ९७.२७ |
| २०६७ | १ | १८ | १४ | ३२ | १८ | ११ | २९ | १०० | ७८.५७ | ९०.६३ |
| | २ | १७ | २६ | ४३ | १६ | २५ | ४१ | ९४.१२ | ९६.१५ | ९५.३५ |
| | ३ | १९ | २० | ३९ | १८ | १९ | ३७ | ९४.७४ | ९५ | ९४.८७ |
| | ४ | १८ | १९ | ३७ | १७ | १८ | ३५ | ९४.४४ | ९४.७४ | ९४.५९ |
| | ५ | २० | १६ | ३६ | १९ | १६ | ३५ | ९५ | १०० | ९७.२२ |
| | **जम्मा** | ९२ | ९५ | १८७ | ८८ | ८९ | १७७ | ९५.६५ | ९३.६८ | ९४.६५ |

स्रोत: विद्यालय अभिलेख, २०६६र २०६७।

माथिको तालिकाबाट गन्गाई बालबालिकाहरूको उत्तीर्ण दर ९४% देखि १००% सम्म रहेको देखिन्छ। शैक्षिक वर्ष २०६६ भन्दा २०६७ को उत्तीर्ण प्रतिशत भने घटेको देखिन्छ। DOE द्वारा प्रकाशित कन्सोलिडेटिङ्ग रिपोर्ट २०६६ अनुसार गन्गाई बालबालिकाहरूको उत्तीर्ण दर केन्द्रको भन्दा ३.५९% ले र झापा जिल्लाको भन्दा ३.६१% ले बढी रहेको छ। यसले छनौट विद्यालयहरूका गन्गाई विद्यार्थीहरूको उत्तीर्ण दर राम्रो देखिन्छ तर यी विद्यालयहरूमा उदारकक्षोन्नति प्रणाली लागू गरिएको र प्राथमिक तहमा अधिकांश विद्यार्थीहरूलाई कक्षा चढाउने नीति रहेकाले उक्त उत्तीर्ण दरलाई आधार मानेर गन्गाई विद्यार्थीहरूको उत्तीर्ण दरलाई राम्रो वा यथार्थ मान्न सकिँदैनन्। तर मास्लोको आवश्यकता सम्बन्धी सिद्धान्तले विद्यालय छोडेका, विपन्न, गरिब तथा पिछडिएका समुदायका बालबालिकाहरूको आवश्यकता परिपूर्ति गर्दै अन्य अवश्यकता पूरा गर्न क्रियाशील बनाउने

हुनाले विद्यालयमा पहुँच पुऱ्याउन परिमाणात्मक र गुणात्मक तथ्यका आधारमा विश्लेषण गर्दै गन्गाई बालबालिकाहरूलाई सोहीअनुसार शिक्षामा अवसर प्रदान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ४.१.४ गन्गाई विद्यार्थीहरूको नियमितताको अध्ययन

विद्यार्थीहरूको नियमितताले शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसैले गन्गाई बालबालिकाहरूको नियमितताको अध्ययन गर्ने विद्यार्थीहरूको २ वर्षको हाजिरीलाई आधार मानी अध्ययन समूहमा पर्ने प्रत्येक विद्यालयबाट ४/४ जना विद्यार्थीको औसत हाजिरीलाई निम्न तालिकामा राखी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ४ गन्गाई विद्यार्थीको नियमितताको स्थिति

| क्र.सं. | विद्यालयको नाम | औसत उपस्थिति २०६६ | औसत उपस्थिति २०६७ | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनता उच्च मा.वि. शरणामती | ११५ | १२० | |
| २ | श्री भृकूटी नि.मा.वि. शरणामती | १०४ | १३० | |
| ३ | श्री अमरसिंह प्रा.वि. कूमरखोद | १३० | १२५ | |
| ४ | श्री त्रिभूवन प्रा.वि. कूमरखोद | १०५ | १०२ | |
| ५ | श्री जगदम्बा प्रा.वि. टाघनडूब्बा | १०६ | १३४ | |
| ६ | श्री डिल्लीराज उच्च मा.वि. टाघनडूब्बा | १२५ | १३० | |
| | औसत उपस्थिति | ११४ दिन | १२३ दिन | |

स्रोत : विद्यार्थी हाजिरी अभिलेख, २०६६-२०६७ ।

उक्त तालिका अनुसार नमूना विद्यालयका गन्गाई विद्यार्थीहरूको औसत उपस्थिति २०६६ र २०६७ मा क्रमशः ११४ दिन र १२३ दिन रहेको देखिन्छ । २०६६ को तुलनामा २०६७ मा गन्गाई विद्यार्थीहरूको औसत उपस्थिति बढेको देखिन्छ । अध्ययन समूहमा पर्ने विद्यालयहरू पूरा शैक्षिक सत्र कुल २०० दिन खुलेको आधार मानी गन्गाई विद्यार्थीहरूको औसत हाजिरी दिन निकाल्दा औसत रूपमा एक जना गन्गाई विद्यार्थी शैक्षिक सत्र २०६६ मा ११४ दिन र २०६७ मा १२४ दिन मात्र विद्यालयमा उपस्थित भएको पाइयो । यसबाट

गन्गाई विद्यार्थीहरूको औसत उपस्थिति कम हुनुका साथै यिनीहरू नियमित रूपमा विद्यालय नगएको देखिन्छ । तर पाउलो फ्रेरेले शिक्षामा सबैको पहुँच हुनुपर्ने कुरामा जोड दिएको हुँदा गन्गाई विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थितिको लागि उचित कदम नचालेको देखिन्छ ।

### ४.१.५ गन्गाई विद्यार्थीहरूको शैक्षिक उपलब्धि अध्ययन

गन्गाई विद्यार्थीहरूको शैक्षिक उपलब्धि अध्ययनको आधार ती विद्यार्थीहरूले दुई शैक्षिक सत्रको वार्षिक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतलाई गणना गरिएको छ । यसका लागि अध्ययन समूहका प्रत्येक विद्यालयका ४/४ जना दरले जम्मा २४ जना गन्गाई विद्यार्थीहरूले शै.सत्र २०६६ र २०६७ को वार्षिक परीक्षामा प्राप्त गरेको कुल प्राप्ताङ्कलाई औसत प्राप्ताङ्क निकाली प्राप्ताङ्क प्रतिशतको आधारमा विद्यार्थीको शैक्षिक उपलब्धिको विश्लेषण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ५ गन्गाई विद्यार्थीहरूको शैक्षिक उपलब्धि विवरण

| क्र.सं. | विद्यालयको नाम | औसत शैक्षिक उपलब्धि (२०६६) | औसत शैक्षिक उपलब्धि (२०६७) | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनता उच्च मा.वि.शरणामति | २८३(४०.४२) | ३०५(४६.४) | |
| २ | श्री भृकुटी नि.मा.वि. शरणामति | २९९(४२.७१) | ३२०(४५.७१) | |
| ३ | श्री अमरसिंह प्रा.वि. कुमरखोद | ३८६(५५.१४) | ३४६(४९.४२) | |
| ४ | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | ३५२(५०.२८) | ३४०(४८.५७) | |
| ५ | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | २०३(२९) | ४०८(५८.२८) | |
| ६ | श्री डिल्लीराज उ.मा.वि. टाघनडुब्बा | ३८५(५५) | २७६(३९.४२) | |
| | औसत उपलब्धि | ४५.१४% | ४७.५% | |

स्रोत : विद्यार्थी वार्षिक प्रगति विवरण २०६६-२०६७ ।

उक्त तालिकामा अध्ययन समूहका विद्यालयहरूमा अध्ययनरत २४ जना गन्गाई विद्यार्थीहरूको शैक्षिक सत्र २०६६ र २०६७ को शैक्षिक उपलब्धि अङ्कगणितीय मध्यकद्वारा देखाइएको छ जुन अनुसूची ९ र १० मा प्रस्तुत गरिएको छ । यसअनुसार गन्गाई विद्यार्थीहरूको प्राप्ताङ्कको औसत प्रतिशत शै.स. २०६६ र २०६७ मा क्रमश: ४५.४१% र ४७.५% रहेको देखिन्छ । २०६६ साल भन्दा २०६७ सालमा औसत प्राप्ताङ्क प्रतिशत २.०९% ले बढी देखिए तापनि दुवै शै.स.को प्राप्ताङ्क प्रतिशत ५०% भन्दा कम रहेकाले यी

विद्यार्थीहरूको औसत प्राप्ताङ्क प्रतिशत धेरै नै न्यून रहेको देखिन्छ । यसो हुनुमा गरिबीका कारण नियमित विद्यालयमा उपस्थित नहुनु नै मुख्य कारण रहेको पाइयो । जुन कुरा अग्बुले आफ्नो सिद्धान्तमा गरिबी तथा घरायसी कामकाजले विद्यालयमा नियमित उपस्थित हुन सक्तैन भनी उल्लेख गरेका छन् । तसर्थ गन्गाई विद्यार्थीहरूको पहुँच नहुने कारणहरू मध्ये गरिबी पनि एक हो । जसको कारणले सुविधाविहीन भई गन्गाई जातिका विद्यार्थीहरूले औसत सिकाइ उपलब्धि हासिल गर्न नसकेको देखिन्छ ।

## ४.२ गन्गाई बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँचको स्थिति

गन्गाई बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँचको स्थिति अध्ययनका लागि गन्गाई जाति बसोबास रहेका क्षेत्र वा गन्गाई विद्यार्थीहरू अध्ययरत रहेका टाघनडुब्बा स्रोतकेन्द्रअन्तर्गतका ६ वटा सामुदायिक विद्यालयहरूमा स्वयम् पुगी अध्ययन गर्न आवश्यक तथ्याङ्कहरू लिनुको साथै स्वयम् विद्यार्थी अभिलेख हेरी उक्त अभिलेख र तथ्याङ्कको आधारमा विद्यार्थी विवरण तयार गरिएको छ जुन तालिका नं. १ देखि ५ सम्ममा प्रस्तुत गरिएको छ भने जसको विस्तृत विवरण अनुसूची ३ देखि ८ सम्ममा देखाइएको छ ।

तालिकामा प्रस्तुत गन्गाई विद्यार्थीहरूको विवरणको आधारमा गन्गाई बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँचको स्थितिको विश्लेषण गर्दा शैक्षिक सत्रको शुरूमा गन्गाई विद्यार्थीहरूको विद्यालयमा हुने भर्ना दर राम्रो पाइयो । शै.स. २०६६, २०६७ र २०६८ सालमा प्राथमिक तहमा गन्गाई बालबालिकाहरूको भर्ना क्रमशः ११.५२%, १२.१०% र १५.७७% रहेको पाइयो । शुरूमा गन्गाई विद्यार्थीहरूको विद्यालयमा सहभागिता राम्रो देखि तापनि यी विद्यार्थीहरू पूरै शैक्षिक सत्र पूरा नगरी धेरैले विद्यालय छाडेको देखिन्छ । अध्ययन नमूना समूहमा पर्ने विद्यालयहरूमा गन्गाई विद्यार्थीहरूको कक्षा छाड्ने दर उच्च रहेको पाइयो । यी विद्यालयहरूमा शैक्षिक सत्र २०६६ र २०६७ मा १६.१३% र १४.०९% रहेको पाइयो । जुन राष्ट्रिय र झापा जिल्लाको रेकर्ड भन्दा बढी रहेको छ । यो दर कक्षा १ मा सबैभन्दा बढी रहेको देखिन्छ । उक्त कक्षामा सो शै.स. मा क्रमशः २७.२७% र २४.३९% रहेको पाइयो । यस प्रकारको कक्षा छाड्ने दरलाई शिक्षा क्षेत्रमा शुभ सङ्केत मान्न सकिदैन ।

गन्गाई विद्यार्थीहरूको कक्षोन्नति दरलाई हेर्दा शै. स. २०६६ र २०६७ मा क्रमशः ९७.२७% र ९४.६५% रहेको पाइयो जुन राष्ट्रिय रेकर्डभन्दा क्रमशः ११.७३% र ७.५% ले

बढी रहेको देखिन्छ तर नमूना छनौटमा परेका अधिकांश विद्यालयमा प्राथमिक तहको परीक्षाफल उदारकक्षोन्नतिमा आधारित भएकाले गन्गाई बालबालिकाहरूको यो उत्तीर्ण दरबाट पनि ज्यादै आशावादी हुने अवस्था छैन ।

तालिका नं. ५ मा गन्गाई बालबालिकाहरूको शैक्षिक उपलब्धिलाई हेर्दा शै.स.२०६६ सालमा विद्यार्थीहरूको औसत प्राप्ताङ्क प्रतिशत ४५.७८% र २०६७ सालमा ४७.५१% मात्र रहेको छ । औसत प्राप्ताङ्क प्रतिशत न्यून रहेकाले गन्गाई बालबालिकाहरूको शैक्षिक उपलब्धि प्राथमिक तहमा धेरै नै कम देखिन्छ । शैक्षिक उपलब्धि राम्रो नहुनुमा गन्गाई विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थित नहुनु पनि एउटा कारण देखिन्छ । शै.स. २०६६ र २०६७ मा अध्ययन समूहका विद्यालयहरूको गन्गाई विद्यार्थीहरूको औसत उपस्थिति क्रमशः ११४ र १२३ दिन मात्र रहेकाले गन्गाई विद्यार्थीहरू नियमित रूपमा विद्यालय नगएको देखिन्छ । उक्त विवरणका आधारमा गन्गाई बालबालिकाहरूको शैक्षिक सत्रको शुरूमा छात्रवृत्तिको कारणले विद्यलायमा धेरै सहभागिता भए पनि अधिकांश विद्यार्थीहरू शैक्षिक सत्र पूरा नै नगरी बीचमै कक्षा छाड्नु पर्ने तथा नियमित रूपमा विद्यालयमा उपस्थित हुन नसक्ने अवस्था रहेको देखिन्छ । यसले गन्गाई विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा समेत प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

उपर्युक्त कारणहरूबाट अझै पनि गन्गाई बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच चुनौतीका रूपमा रहेको देखिन्छ । विद्यालयमा गन्गाई बालबालिकाहरूको यस्तो शैक्षिक स्थितिले अहिले पनि धेरै गन्गाई बालबालिकाहरू स्वतन्त्र रूपमा निःशुल्क प्राथमिक शिक्षाको उपयोग गर्नबाट बञ्चित रहेका देखिन्छन् ।

## ४.३ गन्गाई बालबालिकाहरूको शैक्षिक समस्याहरू

गन्गाई बालबालिकाहरूका शैक्षिक समस्या केलाउन गन्गाई जातिको आर्थिक , सामाजिक, तथा शैक्षिक अवस्था बारे जान्न आवश्यक हुन्छ । गन्गाई बालबालिकाहरूको शिक्षामा प्रभाव पर्ने विभिन्न तत्वहरूमध्ये गन्गाई अभिभावकको साक्षरता स्थिति पनि महत्वपूर्ण तत्व भएकाले यस विषयमा अभिभावक र विद्यार्थीहरूसँग सोधिएको प्रश्नावलीका आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

### ४.३.१ अभिभावकहरूको साक्षरता स्थिति विवरण

विद्यार्थीको शैक्षिक विकासमा शिक्षित अभिभावकहरूको महत्वपूर्ण भूमिका हुन्छ। गन्गाई अभिभावकहरूको शैक्षिक स्थिति तालिका नं. ६ मा प्रस्तुत गरिएको छ :

तालिका नं. ६ गन्गाई अभिभावकहरूको शैक्षिक स्थिति विवरण

| क्र.सं. | शैक्षिक अवस्था | विद्यार्थीको मत | | अभिभावकको मत | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | प्रतिशत | |
| १ | साक्षरता | १८ | ७५ | १४ | ५८.३३ | ६६.६६ | |
| २ | निरक्षर | ६ | २५ | १० | ४१.६६ | ३३.३३ | |
| | | | | | | | |

स्रोत : स्थलगत अध्ययन।

उक्त तालिकाअनुसार अध्ययन समूहमा पर्ने विद्यालयका २४ जना विद्यार्थी तथा २४ जना अभिभावकहरको मतका आधारमा गन्गाई अभिभावकहरूमध्ये ६६.६६% साक्षर र ३३.३३% निरक्षर रहेका देखिन्छन्। साक्षर अभिभावकहरूमध्ये अधिकांश अभिभावक S.L.C. भन्दा मुनि रहेका छन्। जि.शि.का. झापाको स्टाट्स रिपोर्ट २०६६ अनुसार झापा जिल्लाको १५ देखि माथि उमेरसमूहमा साक्षरता दर ७५.१२% रहेको छ। ६६.६६% गन्गाई अभिभावकहरू मात्र साक्षर देखिनु गन्गाई अभिभावकहरूको शैक्षिक स्थितिलाई कमजोरी नै मानिन्छ।

अभिभावकको निरक्षरता तथा अशिक्षाले पनि बालबालिकाहरूको शैक्षिक सहभागितामा नकारात्मक प्रभाव पार्दछ। निरक्षरताले अज्ञानता ल्याउँछ। अज्ञानताले शैक्षिक दृष्टिकोणमा पनि नकारात्मक असर पार्दछ। धेरै गन्गाई अभिभावकहरू पनि निरक्षर रहेकाले गन्गाई बालबालिकाहरूको शैक्षिक विकासमा नकारात्मक प्रभाव पारेको देखिन्छ। जुन कुरा पाउलो फ्रेरेको सिद्धान्तमा पनि उल्लेख गरिएको छ। फ्रेरेका अनुसार सही शिक्षा संवाद हो, जसले एकअर्काबीच सञ्चार बढाउँछ र यही शिक्षाले नै शैक्षिक अवसर प्रदान गर्दछ। उत्पीडित चेतनालाई अन्तस्करण गर्नु पर्दछ। जसले गर्दा अन्तरदृष्टिबाट चेतनाको ढोका खुल्छ। जसको परिणामस्वरूप उसमा चेतना पैदा भई सशक्तिकरण गराई शैक्षिक अवसर प्रदान गर्न सकिन्छ भन्ने फ्रेरेको रहेको छ।

उक्त तालिकालाई वृत्तचित्रमा यस प्रकारले देखाइएको छ :

चित्र नं. १ गन्गाई अभिभावकहरूको साक्षरताको स्थिति

## ४.३.२ गन्गाई अभिभावकहरूको पेसागत अवस्था

बालबालिकाहरूको शैक्षिक विकासको लागि घरको आर्थिक अवस्थाले पनि ठूलो महत्व राख्दछ । घरको आर्थिक अवस्था अभिभावकले अँगालेको पेसामा निर्भर रहेको हुन्छ । अधिकांस गन्गाई अभिभावकहरू जनमजदुरी तथा अर्काको खेत अधियाँ वा ठेक्कामा गरेको देखिएकाले आर्थिक अवस्था कमजोर हुनुका साथै शैक्षिक क्षेत्रमा पनि उनीहरूको चासो निकै कम रहेको पाइयो । गन्गाई बालबालिकाहरूको घरेलु आर्थिक अवस्था अध्ययन गर्न तिनीहरूका अभिभावकले अँगालेको पेसा बारे जान्न विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७ गन्गाई अभिभावकहरूको पेसागत विवरण

| क्र.सं. | पेसाको प्रकार | अभिभावकको मत | | विद्यार्थीको मत | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | मत | प्रतिशत | मत | प्रतिशत | प्रतिशत | |
| १. | खेतीपाती | १४ | ५८.३३ | १६ | ६६.६६ | ६२.५ | |
| २. | मजदुरी | ६ | २५ | ५ | २०.८३ | २२.९१ | |
| ३. | नोकरी | ० | ० | ० | ०.०० | ० | |
| ४. | व्यवसाय | ४ | १६.६६ | ३ | १२.५० | १४.५८ | |

स्रोत : स्थलगत सर्वेक्षण ।

माथिको तालिकाको आधारमा गन्गाई अभिभावकहरूमध्ये ६२.५% खेतीपातीमा, २२.९१% जन मजदुरी र १४.५८% व्यापार व्यावसायमा रहेका छन् । नोकरी शुन्य प्रतिशत देखियो । ६२.५% अभिभावक खेतीपाती र २२.९१% जनमजदुरीमा बिताउनु पर्ने भएको

हुनाले त्यस्ता अभिभावकका बालबालिकाहरू घरको तथा खेतबारीको कामकाजमा अधिकांश समय बिताउने भएको हुनाले घरमा पढाइको वातावरण नहुनुको साथै नियमित रूपमा विद्यालय जान पाएका हुँदैनन् र कतिपयले त बीचमै विद्यालय छाड्नु पर्ने वाध्यात्मक परिस्थिति रहेको देखिन्छ । यसै सन्दर्भमा श्री डिल्लीराज उच्च मा.वि. का अभिभावक बजरङ्ग गणेशलाई सोध्दा भन्नुहुन्छ-

> हामी बूढाबूढी दुवैजना अर्काको खेतमा काम गर्न जानुपर्छ । घरको खर्च धान्न नसकेर घरमा गाई बाख्राहरू पालेका छौँ, जसले गर्दा बच्चाहरू बाध्य भएर त्यो काममा ब्यस्त हुनुपर्छ ।

यसैले पनि गन्धाई बालबालिकाहरूको शैक्षिक उपलब्धि वा पढाइ स्तर कमजोर देखिन्छ । यसरी गन्धाई अभिभावकहरूको कमजोर आर्थिक स्थितिका कारण गन्धाई बालबालिकाहरूको शैक्षिक विकासमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । अभिभावकसँग लिइएको अन्तरवार्ता प्रश्नावली अनुसूची १६ मा उल्लेख गरिएको छ ।

उक्त तालिकालाई बृत्तचित्रमा यस प्रकारले देखाइएको छ :

**चित्र नं. २ अभिभावकहरूको पेसागत अवस्था**

## ४.३.३ गन्धाई बालबालिकाहरूको विद्यालय समयपछिको क्रियाकलापको अध्ययन

तालिका नं. ८ - गन्धाई बालबालिकाहरूको विद्यालय समयपछिको क्रियाकलाप विवरण

| क्र.सं. | क्रियाकलाप | बालबालिकाको मत | | अभिभावकको मत | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | | |
| १ | **पढ्ने र लेख्ने** | ९ | ३७.५ | ६ | २५ | ३१.२५ | |
| २ | **घरको काम गर्ने** | ८ | ३३.३३ | १२ | ५० | ४१.६६ | |
| ३ | खेतबारीको काम गर्ने | ५ | २०.८३ | ३ | १२.५ | १६.६६ | |
| ४ | खेल खेल्ने | २ | ८.३३ | ३ | १२.५ | १०.४१ | |

स्रोत : स्थलगत अध्ययन ।

यस तालिकाको अध्ययन गर्दा विद्यार्थीहरूको महत्वपूर्ण क्रियाकलाप पढाइ र लेखाइमा ३१.२५% मात्र गन्गाई बालबालिकाहरू संलग्न रहको देखिन्छ । सबैभन्दा बढी समय गन्गाई बालबालिकाहरू घर तथा खेतबारीको काममा खर्च गरेको पाइयो । ६८.७३% गन्गाई बालबालिकाहरू गैर शैक्षिक क्रियाकलापमा संलग्न भएको पाइयो । यसको प्रमुख कारण अधिकांश गन्गाई अभिभावक खेतीपाती र जनमजदुरीमा आस्रित भई जीविका चलाउनु पर्ने भएकाले उनीहरूका बालबालिकाहरू उनीहरूका कामकाजमा सहयोग गर्नु पर्ने बाध्यात्मक परिस्थिति हो । यसरी यी बालबालिकाहरू आमा बाबुले गर्ने घरको काममा लाग्नु पर्ने कारणले नै यिनीहरू नियमित रूपमा विद्यालय जान नपाउनु साथै यिनीहरूको शैक्षिक स्तरमा समेत नकारात्मक असर परेको देखिन्छ । जुन कुरा पाउलो फ्रेरेले आफ्नो सिद्धान्तमा आर्थिक अवस्था कमजोर भएका पिछडिएका वर्गहरूलाई सर्वसुलभ शिक्षामा पहुँच बढाउन सके निश्चय नै विद्यार्थी भर्ना दरमा वृद्धि गर्न सकिने कुरा उल्लेख गरेको पाइन्छ ।

उक्त तालिकालाई निम्नअनुसार स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र नं. ३ बालबालिकाहरूको विद्यालय समयपछि गर्ने क्रियाकलाप**

## ४.३.४ गन्गाई बालबालिकाहरू विद्यालय नजाने कारणहरूको अध्ययन :-

सबै बालबालिकाहरू विद्यालयमा नजाने वा विद्यालयमा सबै समुदायका बालबालिकाहरूको समान सहभागिता हुन नसक्नुमा विभिन्न कारणहरू रहेको हुन्छन् । त्यसैले गन्गाई समुदायका बालबालिकाहरूको विद्यालयमा पूर्ण सहभागिता हुन नसक्नु वा गन्गाई बालबालिकाहरू विद्यालय नजाने कारण पत्ता लगाउने क्रममा अध्ययन क्षेत्रका सम्बन्धित अभिभावक, प्र.अ. तथा शिक्षकहरूसँग प्रश्नावलीमार्फत सोध्दा उनीहरूबाट आएका प्रतिक्रिया यस प्रकार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९ गन्गाई बालबालिका विद्यालय नजाने कारणहरू

| क्र.सं. | विद्यालय नजाने कारणहरू | प्र.अ. | | शिक्षक | | अभिभावक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | मत | प्रतिशत | मत | प्रतिशत | मत | प्रतिशत | प्रतिशत |
| १ | आर्थिक कठिनाई | २ | ३३.३३ | ४ | ३३.३३ | ६ | ५० | ३८.९ |
| २ | अभिभावकमा चेतनाको कमी | १ | १६.६६ | २ | १६.६६ | १ | ८.३३ | १३.९ |
| ३ | घरको कार्यबोझ | १ | १६.६६ | १ | ८.३३ | ३ | २५ | १६.७ |
| ४ | घरमा शैक्षिक वातावरण नहुनु | २ | ३३.३३ | ४ | ३३.३३ | १ | ८.३३ | २५ |
| ५ | शिक्षाको महत्व नबुझ्नु | ० | ० | १ | ८.३३ | १ | ८.३३ | ५.५५ |

स्रोत : स्थलगत सर्वेक्षण ।

माथिको तालिकाअनुसार गन्गाई बालबालिकाहरू विद्यालय नजाने कारणहरूमध्ये प्रमुख कारण आर्थिक कठिनाई वा गरिबी रहेको देखिन्छ । त्यसै गरी दोस्रो कारणमा घरमा शैक्षिक वातावरण नहुनु र अन्य कारणहरूमा क्रमशः घरको कार्यबोझ र शिक्षाको महत्व नबुझ्नु रहेको छ । आदिबासी भनेर चिनिने जातिहरू थारू, सतार राजवंशी जस्तै गन्गाई पनि शुरूदेखि जाँडरक्सीमा समेत खर्च गरेर घरबारविहीन भएका समेत उदाहरण पाइन्छन् । गरिबीका कारण समयमा पौष्टिक तथा सन्तुलित भोजन नपाउनाले नै गन्गाई बालबालिका नियमित विद्यालय जान नपाउनुको साथै विद्यालय गएका विद्यार्थीहरू पनि मध्यान्तर पछि घर फर्किने गरेको पाइयो । अभिभावकहरू निरक्षर हुनु , घरमा शैक्षिक वातावरण नहुनु, घरको र खेतबारीको काममा व्यस्त हुनु आदिले गन्गाई बालबालिकाहरूको शैक्षिक स्तर कमजोर रहेको देखिन्छ । तसर्थ गन्गाई बालबालिकाहरूको शैक्षिक विकासमा गरिबी मुख्य बाधक तत्वको रूपमा रहेकोले गन्गाईहरूको आर्थिक स्तरमा सुधार ल्याउन उनीहरूको आय आर्जनमा सहयोग पुग्ने खालका आयमूलक कार्यक्रमहरू उनीहरूसमक्ष पुऱ्याउन सम्बन्धित

सबै पक्षबाट पहल हुनुपर्ने नितान्त आवश्यकता रहेको छ । अब्राहम मास्लोले पनि आफ्नो आवश्यकता सम्बन्धी सिद्धान्तमा गाँस, बास, कपासलाई शारीरिक आवश्यकताभित्र राखेको पाइन्छ । यी आवश्यकताकहरू पूरा भएपछि मात्र अन्य आवश्यकतातर्फ ध्यान जान्छ । सोही आधारमा आवश्यकताका लागि व्यक्तिको शैक्षिक अवसर पूरा गर्न व्यक्तिलाई अवसरको सृजना गर्नुपर्ने कुरा उनको रहेको छ ।

तालिका नं. ९ लाई यस प्रकारले स्तम्भ चित्रमा देखाईएको छ :

**चित्र नं. ४ गन्गाई बालबालिकाहरू विद्यालय नजाने कारणहरू :**

## ४.३.५ गन्गाई बालबालिकाहरूको प्रमुख शैक्षिक समस्याहरूको विश्लेषण :

गन्गाई बालबालिकाहरूको शिक्षामा पहुँचका निम्ति बाधकका रूपमा रहेका प्रमुख शैक्षिक समस्याहरू पहिचान गर्न झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रअन्तर्गत ६ वटा समुदायिक विद्यालयहरूको स्थलगत अध्ययनको क्रममा सरोकारवालाहरूमध्ये विद्यालयका प्र.अ., शिक्षक, गन्गाई अभिभावक तथा स्रोतकेन्द्रका व्यक्तिसँग भराइएको प्रश्नावली र उहाँसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त प्रतिक्रियाहरूलाई निम्नानुसार तालिकामा सङ्कलन गरी व्याख्या र विश्लेषण गरिएको छ :

तालिका नं. १० गन्गाई बालबालिकाहरूको प्रमुख शैक्षिक समस्याहरू

| क्र.सं. | विवरण | उत्तरदाताको प्रतिक्रिया (सङ्ख्या र प्रतिशत) | | | |
|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | स्रोतव्यक्ति |
| १ | आर्थिक अवस्था कमजोर हुनु | ४ (६७) | ६ (५०) | २० (८३) | १ (१००) |
| २ | अभिभावक निरक्षर हुनु | ३ (५०) | ४ (३३) | १२ (५०) | |
| ३ | पोशाक तथा शैक्षिक सामग्रीको अभाव | १ (१७) | २ (१७) | ८ (३३) | |
| ४ | नियमित विद्यालय जान नपाउनु | ६ (१००) | १० (८३) | १६ (६७) | १ (१००) |
| ५ | अभिभावकमा चेतनाको कमी | ३ (५०) | ८ (६६) | १२ (५०) | १ (१००) |
| ६ | विद्यालय टाढा हुनु | ० | ० | १ (४) | |
| ७ | भाषिक कठिनाई हुनु | १ (१७) | ३ (२५) | ४ (१७) | |
| ८ | गाउँघरमा शैक्षिक वातावरण नहुनु | ५ (८३) | ९ (७५ | १६ (६७) | १ (१००) |
| ९ | पौष्टिक आहाराको कमी | २ (३४) | १ (८) | ६ (२५) | |
| १० | अन्य | | | | |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

उक्त तालिकाको अध्ययन गर्दा गन्गाई बालबालिकाहरू पछि पर्नुमा घरको कमजोर आर्थिक स्थिति, नियमित विद्यालय जान नपाउनु, अभिभावक निरक्षर हुनु, गाउँघरमा शैक्षिक वातावरण नहुनु आदि प्रमुख कारक तत्वहरू रहेका छन् । त्यस्तै अन्य कारक तत्वहरूमा भाषिक कठिनाई हुनु, पौष्टिक आहाराको कमी, पोशाक तथा शैक्षिक सामग्रीको अभाव आदि रहेका छन् । यस कुरालाई पाउरो फ्रेरेले आफ्नो सिद्धान्तमा आर्थिक अवस्था कमजोर भएका, पिछडिएका वर्गहरूलाई सर्वसुलभ शिक्षामा पहुँच बढाउन सके निश्चय नै विद्यार्थी भर्नामा वृद्धि गर्न सकिने कुरा उल्लेख गरेका छन् । तसर्थ गन्गाई बालबालिकाहरूको शिक्षामा पहुँच बढाउन देखिएका समस्याहरू माथि गम्भीर रूपमा छलफल गरी समाधान गर्न सके निश्चिय नै गन्गाई बालबालिकाको पहुँच बढाउन सकिन्छ ।

## ४.४ गन्गाई बालबालिकाहरूको शैक्षिक समस्या समाधानका उपायहरूको अध्ययन :

गन्गाई बालबालिकाहरूको विद्यमान शैक्षिक समस्याहरू समाधान गर्न समाधानका उपायहरूबारे अध्ययनको क्रममा नमूना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, सम्बन्धित अभिभावक तथा स्रोतव्यक्तिसँग भएको प्रश्नावलीबाट प्राप्त सङ्कलित तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ११ गन्गाई विद्यार्थीहरूको शैक्षिक समस्या समाधानका उपायहरू

| क्र.सं. | समस्या समाधानका उपायहरू | उत्तरदाताको प्रतिक्रिया (सङ्ख्या र प्रतिशत) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | स्रोत व्यक्ति | प्रतिशत |
| १ | अभिभावकलाई आयमुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने | २ (३३.३३) | ४ (३३.३३) | ८ (३३.३३) | ० | ३३.३३ |
| २ | रोजगारीको सुनिश्चितता हुनुपर्ने | ० | २ (१६.६६) | ८ (३३.३३) | ० | २५.०० |
| ३ | गन्गाई अभिभावकका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने | २ (३३.३३) | २ (१६.१६) | ४ (१६.६६) | १ (१००) | ४१.६६ |
| ४ | विद्यालय समयमा खाजाको व्यवस्था हुनुपर्ने | २ (३३.३३) | १ (८.३३) | २ (८.३३) | ० | १६.६६ |
| ५ | गन्गाई शिक्षकको नियुक्ति हुनुपर्ने | ० | १ (८.३३) | १ (४.१६) | ० | ६.२४ |
| ६ | विद्यालयमा गन्गाई विद्यार्थीलाई विशेष प्राथमिकता हुनुपर्ने | ० | ० | ० | ० | ० |
| ७ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घमा गन्गाई अभिभावकलाई उचित स्थान दिनुपर्ने । | ० | २ (१६.६६) | १ (४.१६) | ० | १०.२४ |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

उक्त तालिकाको अध्ययन गर्दा गन्गाई बालबालिकाहरूको शैक्षिक समस्या समाधानका उपायहरू मध्येबाट गन्गाई अभिभावकहरूका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेमा ४१.६६% देखियो । त्यसै गरी दोस्रोमा अभिभावकलाई आयमूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेमा ३३.३३% देखियो । त्यसैगरि तेस्रोमा रोजगारीको सुनिश्चितता हुनुपर्नेमा देखियो । यसबाट पनि गन्गाई बालबालिकाहरूको आर्थिक कमजोर रहेछ र उनीहरूमा चेतनाको कमी छ भन्ने प्रष्ट हुन्छ । यसै सन्दर्भमा श्री अमरसिंह प्राथमिक विद्यालय, लसुना, झापाका अभिभावक श्रीप्रसाद गणेश भन्नुहुन्छ-

> हामी त पढेलेखेको छैनौँ, हामी गरिब मानिस हौँ । हामी जस्ता गरिब अभिभावकलाई रोजगारको व्यवस्था मिलाई दिएको भए राम्रो हुन्थ्यो । गाउँघरमा कम पैसामा काम गर्नुपर्छ । स्कुलमा विद्यार्थीको लागि टिफिनमा खाजाको व्यवस्था भएको भए विद्यार्थी टिफिनपछि भाग्दैनन् र नियमित पनि हुन्छन् ।

त्यसैले गन्गाई अभिभावकहरूको आर्थिक अवस्था सुधार्न उनीहरूका लागि राज्य तथा गैर सरकारी सङ्घ संस्थाहरूबाट आयमूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता टड्कारो रूपमा देखिन्छ । शिक्षाको महत्व बुझाउन तथा गन्गाई समुदायमा शैक्षिक जागरण ल्याउन चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेमा प्र.अ., शिक्षक, अभिभावक तथा स्रोतव्यक्तिको पनि मत पाइयो । यसरी नै विद्यालयमा गन्गाई शिक्षक नियुक्ति भए वा पढेलेखेका गन्गाई युवाहरूका लागि रोजगारका लागि सुनिश्चितता भए यसले पनि गन्गाई बालबालिकाहरूको मनोबल बढ्नुको साथै शिक्षामा बढी अग्रसर हुने तथ्य प्राप्त भएको छ ।

समग्र उक्त तालिकामा उल्लेख गरिएका समाधानका उपायहरू अवलम्बन गर्न सके उनीहरूका धेरै शैक्षिक समस्याहरू समाधान भई शिक्षामा पहुँच बढाउन आवश्यक सहयोग मिल्ने आशा गरिएको छ ।

# परिच्छेद ५ : प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

यस अध्ययनको क्रममा नमूना छनौटमा परेका विद्यालयहरूबाट प्राप्त विद्यार्थी तथ्याङ्क तथा सम्बन्धित विद्यालयहरूका शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक र स्रोतकेन्द्रका स्रोतव्यक्तिहरूसँग गरिएको प्रश्नावली, अन्तरवार्ता छलफल र अन्तरक्रियाबाट प्राप्त तथ्यहरूको व्याख्या र विश्लेषणबाट अध्ययन क्षेत्रको प्राथमिक तहमा २३७ जना गन्गाई विद्यार्थीहरू अध्ययनरत रहेको पाइयो र विद्यालयमा वितरण हुने छात्रवृतिका कारणले शैक्षिक सत्रको शुरूमा धेरै सङ्ख्यामा गन्गाई बालबालिकाहरू विद्यालयमा भर्ना भए पनि तीमध्ये धेरैले शैक्षिक सत्र पूरा नै नगरी बीचमै विद्यालय छाडेको पाइयो ।

यसैले अध्ययन क्षेत्रमा विद्यालयहरूमा गन्गाई बालबालिकाहरूको कक्षा छाड्ने दर उच्च रहेको पाइयो । गन्गाई विद्यार्थीहरू बीचमै कक्षा छाड्नु वा नियमित रूपमा विद्यालय उपस्थित हुन नसक्नुका प्रमुख कारण घरको कमजोर आर्थिक स्थिति वा गरिबी रहेको देखिन्छ । अधिकांश गन्गाई अभिभावकहरू अर्काको जग्गा (अधियाँ वा ठेक्का) जोत्ने र केही अभिभावक मजदुरी गर्न जानु पर्ने भएकाले गन्गाई बालबालिकाहरू भाईबहिनीलाई हेर्नुपर्ने, गाईवस्तुहरू हेनुपर्ने तथा घर र खेतबारीको कामकाजमा समेत सघाउनु पर्ने भएको हुनाले यिनीहरू नियमित विद्यालय नजाने र बीचमै विद्यालय छाड्ने गरेको पाइयो ।

गन्गाई बालबालिकाहरू नियमित उपस्थित नहुनु र घरमा पनि धेरै समय गैर शैक्षिक क्रियाकलापमा बिताउनु पर्ने भएकाले उनीहरूको पढाइ स्तर कमजोर हुनुका साथै वार्षिक नतिजामा शैक्षिक उपलब्धि दर न्यून पाइयो । धेरै जसो गन्गाई अभिभावकहरू शैक्षिक चेतनाको कमी तथा निरक्षर भएको कारणले आफ्ना छोराछोरीको पढाइ लेखाइमा खासै चासो नदेखाउनाले पनि गन्गाई बालबालिकाहरू पढाइप्रति उदासिन देखिन्छन् ।

"सबैका लागि शिक्षा" २०१५ कार्यक्रम अन्तर्गत नेपाल सरकारले आदिबासी जनजाति तथा पिछडिएका जनजातिको लागि निःशुल्क तथ गुणस्तरीय प्राथमिक शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखे पनि अहिलेसम्म गन्गाई बालबालिकाहरूको शिक्षामा सुनिश्चितताका लागि सिमित छात्रवृत्तिबाहेक कुनै पनि ठोस नीति तथा कार्यक्रम लागु गरेको देखिँदैन । गन्गाईका जातीय सङ्गठन तथा अन्य कुनै सरकारी तथा गैरसरकारी

सङ्घ संस्थाबाट पनि यिनीहरूको शिक्षा विकासका लागि कुनै ठोस कार्यक्रम सञ्चालन नगरेको पाइयो । यसर्थ माथिका विविध कारणले गन्गाई बालबालिका विद्यालयमा नियमित उपस्थित हुन नसक्नु, बीचमै कक्षा छोड्नु, र शैक्षिक उपलब्धि सन्तोषजनक नरहेको देखिन्छ । साथै अझै पनि गन्गाई बालबालिकाहरू प्राथमिक शिक्षाको पहुँचबाट टाढा रहेको देखिन्छ ।

## ५.२ निष्कर्ष

यस अध्ययनको अन्त्यमा अध्ययनको क्रममा प्राप्त विभिन्न तथ्याङ्क र तथ्यहरूको विश्लेषणका आधारमा यो निष्कर्ष प्राप्त भएको छ कि गन्गाई बालबालिकाहरूको शैक्षिक विकासको मुख्य बाधक तत्व गरिबी रहेको छ । गरिबीका कारण शुरूमा गन्गाई बालबालिकाहरू उल्लेखनीय रूपमा विद्यालयमा भर्ना भए पनि नियमित रूपमा विद्यालय जान नपाउने र घरायसी कामको कारण धेरै गन्गाई विद्यार्थीहरू बीचमै कक्षा छाड्नु पर्ने बाध्यता हुँदा उनीहरूको शैक्षिक अवस्था कमजोर देखिन्छ । अध्ययन क्षेत्रका अधिकांश सामुदायिक विद्यालयमा उदार कक्षोन्नति प्रणालीका कारण प्राथमिक तहमा विद्यार्थी फेल नगर्ने नीति रहेकाले गन्गाई विद्यार्थीहरूको कक्षा उत्तीर्ण दर धेरै देखिए पनि विद्यार्थीहरूको सिकाइ उपलब्धि दर न्यून रहेको छ । गन्गाई बालबालिकाहरूको विद्यालयमा खासै लैङ्गिक असमानता नरहेको तर माथिल्ला कक्षामा क्रमशः विद्यार्थी घट्तै गएको देखिन्छ । यसर्थ कम सङ्ख्यामा मात्र गन्गाई विद्यार्थीहरू प्राथमिक तह पूरा गर्ने गरेका देखिन्छन् ।

आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक रूपमा पछि परेका समुदाय हरेक क्षेत्रमा पछि पर्दछन् । शैक्षिक र सामजिक स्तरको मेरूदण्ड आर्थिक स्थिति नै भएकाले गन्गाई जातिको कमजोर आर्थिक स्थितिका कारण हरेक क्षेत्रमा पनि पछि परेकाले गन्गाई बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन सर्वप्रथम यिनीहरूको आर्थिक स्थितिमा सुधार ल्याउनु आवश्यकता रहेको देखिन्छ । साथै गन्गाई अभिभावकहरूलाई चेतनामूलक कार्यक्रममार्फत् उनीहरूको शिक्षाप्रति चासो बढाउनु पर्ने देखिन्छ । गन्गाई बालबालिकाहरूको विद्यालयमा पूर्ण सहभागिता र यिनीहरूको शिक्षाविकासका लागि विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ संस्था तथा नेपाल गन्गाई कल्याण परिषद् तथा नेपाल गन्गाई महिला परिषद्सँग समन्वय कायम गरी गन्गाई अभिभावकको लागि विभिन्न सीपमूलक र आयमूलक कार्यक्रमहरू सञ्चालन गरी यिनीहरूको आर्थिक जीवनस्तरमा

सुधार ल्याउनु पर्ने देखिन्छ । राज्यबाट पनि गन्गाई जातिको दिगो आर्थिक विकासका लागि स्वरोजगारको सृजना तथा शिक्षित युवाहरूको रोजगारको आरक्षणको व्यवस्था मिलाउनु पर्ने कुरा टड्कारो आवश्यकता रहेको छ ।

## ५.३ सुझावहरू

यो अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा गन्गाई बालबालिकाहरूको शिक्षामा पहुँच पुऱ्याउन तथा उनीहरूको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न राज्यबाट नै एक ठोस शैक्षिक नीति तय गर्नुपर्ने देखिन्छ । गन्गाई बालबालिकाहरूको शिक्षामा पहुँचका लागि मुख्य समस्या गरिबी भएकाले गन्गाई जाति बसोबास भएको क्षेत्रमा आर्थिक सर्वेक्षण गरी गरिबी निवारणका लागि विशेष आर्थिक प्याकेज कार्यक्रम सञ्चालनका लागि सरकारी पक्षबाट पहल गर्नुपर्ने आवश्यकता रहेको छ । जि.शि.का. झापामा हालसम्म आदिबासी जनजातिको शैक्षिक तथ्याङ्क नरहेकोले त्यस्ता जातजातिको छुट्टा छुट्टै तथ्याङ्क लिई शिक्षामा पछि परेका जातजातिको शैक्षिक अग्रसरता बढाउन आवश्यक शैक्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस अध्ययन अध्ययन क्षेत्रभित्र रहेका निरक्षर गन्गाई अभिभावकहरूले शिक्षाप्रति आकर्षण बढाउन अभिभावकहरूको चेतना विकासका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने नितान्त आवश्यक रहेको छ ।

त्यसैगरी गन्गाई बालबालिकाहरूलाई नियमित बनाउन तथा मध्यान्तरपछि घर जाने विद्यार्थीहरूलाई रोक्न विद्यालयमा बालबालिकाहरूका लागि खाजाको व्यवस्था मिलाउनु पर्ने र शिक्षामा पहुँच नपुगेका गन्गाई लगायत अन्य आदिबासी जनजातिका बालबालिकाहरूका लागि विद्यालय शिक्षामा पूर्ण निःशुल्क हुनुपर्ने र उच्च शिक्षाका लागि समेत सुनिश्चितता गर्नुपर्ने देखिन्छ । गन्गाई बालबालिकाहरूको अन्तर्निहीत प्रतिभा प्रस्फुटन गर्न तथा उनीहरूको मनोबल बढाउन प्राथमिक तहमा गन्गाई शिक्षकको नियुक्तिको व्यवस्था हुँदा शैक्षिक क्षेत्रमा पछि परेको यस जातिमा अझ सुधार ल्याउन सकिने देखिन्छ । गरिबीको मार खेपिरहेका गन्गाई जातिका शिक्षित युवाहरूका लागि रोजगारीको आरक्षणको व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

गन्गाई जातिका जातीय संस्थाहरू जस्तै नेपाल गन्गाई कल्याण परिषद् र नेपाल गन्गाई महिला परिषद्ले पनि यस जातिको शैक्षिक तथ्याङ्क सङ्कलन गरी तिनीहरूको उत्थान र सशक्तिकरणको लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने टड्कारो रुपमा

देखिन्छ । विद्यालयले भर्ना कार्यक्रम गरेको बेला गन्गाई जातिका जातीय सङ्गठनले पनि घरदैलो भर्ना कार्यक्रममा सरिक भई सहयोग आवश्यकता रहेको छ ।

गन्गाई जातिका बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच जान्नको लागि टाघनडुब्बा स्रोतकेन्द्र अन्तर्गतको जनसंख्यालाई मात्र लिइएको छ । यसबाट सम्पूर्ण गन्गाई जातिको अन्य अवस्थाको स्थितिलाई यो निष्कर्षले मात्र विश्लेषण गर्न सक्तैन । तसर्थ यस जातिको अन्य अवस्थाको स्थितिलाई अध्ययन गर्न चाहने सरोकारवाला पक्षले गन्गाई जातिहरुको अन्य क्षेत्रहरुको जनसंख्यालाई लिई गरेमा राम्रो हुन्छ र जातीय संगठनको सहयोग लिई गरेमा स्रोत साधन जुटाउन पनि सहज हुन सक्छ ।

# सन्दर्भ सामग्री


अनौपचारिक शिक्षा केन्द्र (२०६१), *साक्षरता विशेषाङ्क, शिक्षा तथा खेलकुद मन्त्रालय,* सानोठिमी, भक्तपुर : लेखक ।

आचार्य, उत्तमप्रसाद (२०६१), *थारु वालवालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर, सुर्खेत क्याम्पस (शिक्षा) सुर्खेत ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* भोटाहिटी, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ : स्टुडेन्ट्स पब्लिकेसन एण्ड डिष्ट्रिब्युटर्स ।

गन्गाई जाति एक परिचय, (२०६१) *नेपाल गन्गाई कल्याण परिषद्* : लेखक ।

चाम्लिङ्ग, भोगीराज (२०६७), *पाउलो फ्रेरे शिक्षामा क्रान्ति, नव युवा मासिक,* वर्ष १५ पूर्णाङ्क- १५० ।

जिल्ला शिक्षा कार्यालय (२०६६), *विद्यालय स्तरीय तथ्याङ्क, झापा:* लेखक ।

जिल्ला विकास समिति (२०६३), *जिल्ला पार्श्व चित्र,* झापाः तथ्याङ्क शाखा ।

जि.शि.का. (२०६५) *स्टाटस् रिपोर्ट,* झापा : लेखक ।

ढकाल चूडामणि (२०६३), *थारु छात्राहरुको प्राथमिक तहको शैक्षिक अवस्था (वर्दिया) एक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर ।

तामाङ्ग, सुनबहादुर (२०६३), *तामाङ्ग विद्यार्थीहरुको माध्यमिक शिक्षामा पहुँचलाई प्रभाव पार्ने तत्वहरुको एक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर ।

नेपाल, दक्षमणि (२०६७) *प्राथमिक तहको छात्रवृत्तिले विद्यालय पुनः प्रवेशमा पार्ने प्रभाव* अप्रकाशित शोधपत्र, स्नातकोत्तर ।

भट्टराई, टिका (२०५४), *अनुसन्धान पद्धति विराटनगर :* श्याम पुस्तक भण्डार ।

महिला शिक्षा (२०६१), *वर्ष ५, अङ्क ५,* शिक्षा विभाग, महिला शिक्षा शाखा भक्तपुर ।

शर्मा, चिरिञ्जीवी र अन्य (२०६३), *शिक्षाको दर्शनशास्त्र* काठमाडौं : एम.के पब्लिकेसन ।

शर्मा, चिरिञ्जीवी र अन्य (२०६४), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* भोटाहिटी, काठमाडौं : एम.के पब्लिकेसन ।

शर्मा, आशा (२०६२) *झापा जिल्लाको प्राथमिक विद्यालयमा दलित विद्यार्थीको विद्यालय छोड्ने कारणहरुको एक अध्ययन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर ।

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना,* काठमाण्डौ, केशरमहल : लेखक ।

शिक्षा विभाग (२०६६), कन्सोलिडेटिङ रिपोर्ट, *नेपालको विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क,* सानोठिमी भक्तपुरः लेखक ।

शिक्षा विभाग (२०६६), *फ्लास रिपोर्ट,* सानोठिमी भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६६), *स्टाटस् रिपोर्ट,* सानोठिमी, भक्तपुरः लेखक

शैक्षिक विकास अनुसन्धान केन्द्र (२०६०), *फर्मेटिभ अनुसन्धान परियोजना,* त्रिभुवन विश्वविद्यालयः लेखक ।

स्रोत केन्द्र (२०६५-२०६७), *विद्यालय स्तरीय तथ्याङ्क,* टाघनडुब्बाः लेखक ।

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची एक : सर्वेक्षण फाराम

विद्यालयको नाम :- ............................................... ठेगाना :- ........................

प्र.अ.को नाम :- ............................................. हस्ताक्षर : ................

### शैक्षिक सत्र २०६६

| कक्षा | जम्मा भर्ना | | | गन्गाई विद्यार्थी सङ्ख्या | | | परीक्षामा सामेल | | | परीक्षामा उत्तीर्ण | | | बीचैमा कक्षा छाड्ने | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |
| जम्मा: | | | | | | | | | | | | | | | | |

### शैक्षिक सत्र २०६७

| कक्षा | जम्मा भर्ना | | | गन्गाई विद्यार्थी सङ्ख्या | | | परीक्षामा सामेल | | | परीक्षामा उत्तीर्ण | | | बीचैमा कक्षा छाड्ने | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |
| जम्मा: | | | | | | | | | | | | | | | | |

### शैक्षिक सत्र २०६८

| कक्षा | जम्मा भर्ना | | | गन्गाई विद्यार्थी सङ्ख्या | | | परीक्षामा सामेल | | | परीक्षामा उत्तीर्ण | | | बीचैमा कक्षा छाड्ने | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |
| जम्मा: | | | | | | | | | | | | | | | | |

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची दुई : सर्वेक्षण फाराम

कुनै एकमा मात्र चिन्ह (✓) लगाउनुहोस् ।

उत्तरदाताको नाम : ............................................ ठेगाना : .....................

१. तपाइँको शैक्षिक योग्यता कति हो ?

क) साधारण लेखपढ  ख) निरक्षर  ग) एस्.एल्.सी.  घ) एस्.एल्.सी. भन्दा माथी

२. तपाइँको पेसा कुन हो ?

क) खेतीपाती  ख) जनमजदुरी  ग) नोकरी  घ) व्यवसाय

३. विद्यालय समय वाहेक गन्गाई बालबालिकाहरू के गर्दछन् ?

क) पढ्ने लेख्ने  ख) घरको काम गर्ने  ग) खेतवारीको काम गर्ने

घ) खेल खेल्ने

४. गन्गाई बालबालिकाहरू विद्यालय नजाने मुख्य काणहरूमध्ये प्रमुख कारण कुन हो?

क) आर्थिक कठिनाई  ख) अभिभावकमा चेतनाको कमी  ग) घरको कार्य बोझ

घ) घरमा शैक्षिक वातावरण नहुनु  ङ) शिक्षाको महत्व नबुझ्नु

५. गन्गाई बालबालिकाहरूको शैक्षिक समस्या मध्ये प्रमुख समस्या कुन हो ?

क) आर्थिक अवस्था कमजोर हुनु  ख) अभिभावक निरक्षर हुनु

ग) पोसाक तथा शैक्षिक सामग्रीको अभाव घ) नियमित विद्यालय जान नपाउनु

ङ) अभिभावकमा चेतनाको कमी  च) विद्यालय टाढा हुनु  छ) भाषिक कठिनाई

ज) गाँउघरमा शैक्षिक वातावरण नहुनु  झ) पौष्टिक आहारको कमी

६. गन्गाई विद्यार्थीहरूको शैक्षिक समस्या समाधानका उपायहरू मध्ये प्रमुख कुन हो ?

क) अभिभावकका लागि आयमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

ख) रोजगारी सुनिश्चितता गर्नुपर्ने ।

ग) गन्गाई अभिभावकहरूका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

घ) विद्यालय समयमा खाजाको व्यवस्था हुनुपर्ने ।

ङ) गन्गाई शिक्षकको नियुक्ति हुनुपर्ने ।

च) विद्यालयमा गन्गाई विद्यार्थीलाई विशेष प्राथमिकता दिनुपर्ने ।

छ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घमा गन्गाई अभिभावकलाई उचित स्थान दिनुपर्ने ।

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची तीन : २०६६ - २०६८ सम्मको छनौट विद्यालयका कक्षा १ का गन्गाई विद्यार्थी विवरण

| शैक्षिक वर्ष | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | | | गन्गाई विद्यार्थी सङ्ख्या | | | बीचमै कक्षा छाड्ने गन्गाई विद्यार्थी सङ्ख्या | | | परीक्षामा उत्तीर्ण हुने गन्गाई विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | श्री जनता उच्च मा.वि.शरणामती | २८ | ३६ | ६४ | १ | १ | २ | १ | १ | २ | ० | ० | ० |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ४३ | ३३ | ७६ | ९ | ८ | १७ | २ | १ | ३ | ७ | ७ | १४ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | ३२ | ३१ | ६३ | ९ | ५ | १४ | ३ | १ | ४ | ६ | ४ | १० |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | ३१ | ३३ | ६४ | ० | २ | २ | ० | ० | ० | ० | १ | १ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ५० | ५२ | १०२ | ३ | १ | ४ | २ | १ | ३ | १ | ० | १ |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | ३४ | ४५ | ७९ | १० | ६ | १६ | २ | १ | ३ | ८ | ५ | १३ |
| | जम्मा | २१८ | २३० | ४४८ | ३२ | २३ | ५५ | १० | ५ | १५ | २२ | १७ | ३९ |
| २०६७ | श्री जनता उच्च मा.वि.शरणामती | ३१ | ३७ | ६८ | १ | ० | १ | १ | ० | १ | १ | ० | १ |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ३९ | ३६ | ७५ | ५ | ६ | ११ | २ | २ | ४ | ३ | ३ | ६ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | ३८ | २६ | ६४ | २ | ४ | ६ | ० | २ | २ | २ | २ | ४ |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २६ | २४ | ५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ५५ | ५८ | ११३ | ८ | ४ | १२ | १ | ० | १ | ७ | ३ | १० |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | ४३ | ६६ | १०९ | ६ | ५ | ११ | १ | १ | २ | ५ | ३ | ८ |
| | जम्मा | २३२ | २४७ | ४७९ | २२ | १९ | ४१ | ५ | ५ | १० | १८ | ११ | २९ |
| २०६८ | श्री जनता उच्च मा.वि.शरणामती | १७ | ३० | ४७ | १ | १ | २ | | | | | | |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ३२ | ३० | ६२ | ६ | ७ | १३ | | | | | | |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | ४६ | ३० | ७६ | ३ | ४ | ७ | | | | | | |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २१ | २४ | ४५ | १ | १ | २ | | | | | | |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | २० | २१ | ४१ | ९ | ७ | १६ | | | | | | |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | ४५ | ३२ | ७७ | ७ | ६ | १३ | | | | | | |
| | जम्मा | १८१ | १६७ | ३४८ | २७ | २६ | ५३ | | | | | | |

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची चार : २०६६ - २०६८ सम्मको छनौट विद्यालयका कक्षा २ का गन्गाई विद्यार्थी विवरण

| शैक्षिक वर्ष | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | | | गन्गाई विद्यार्थी सङ्ख्या | | | बीचमै कक्षा छाड्ने गन्गाई विद्यार्थी सङ्ख्या | | | परीक्षामा उत्तीर्ण हुने गन्गाई विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | श्री जनता उच्च मा.वि.शरणामती | ३० | ३६ | ६६ | १ | १ | २ | ० | १ | १ | १ | ० | १ |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ३० | ३९ | ६९ | ४ | ९ | १३ | ० | २ | २ | ४ | ६ | १० |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | १८ | ३५ | ५३ | २ | ५ | ७ | ० | २ | २ | २ | ३ | ५ |
| २०६६ | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २४ | २७ | ५१ | ० | २ | २ | ० | ० | ० | १ | १ | २ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ४३ | ३८ | ८१ | ४ | ४ | ८ | ० | ० | ० | ४ | ४ | ८ |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | २९ | ३१ | ६० | ८ | ३ | ११ | ० | १ | १ | ८ | २ | १० |
| | जम्मा | १७४ | २०६ | ३८० | १७ | २४ | ४१ | ० | ६ | ६ | २० | १६ | ३६ |
| | श्री जनता उच्च मा.वि.शरणामती | ३४ | २४ | ५८ | १ | १ | २ | ० | ० | ० | १ | १ | २ |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ३६ | २९ | ६५ | ७ | १० | १७ | १ | ० | १ | ६ | ९ | १५ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | १९ | २८ | ४७ | ३ | ६ | ९ | ० | ० | ० | ३ | ६ | ९ |
| २०६७ | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २४ | २५ | ४९ | १ | २ | ३ | ० | ० | ० | १ | २ | ३ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ३९ | २१ | ६० | २ | १ | ३ | ० | ० | ० | २ | १ | ३ |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | २६ | २८ | ५४ | ५ | ६ | ११ | १ | ० | १ | ३ | ६ | ९ |
| | जम्मा | १७८ | १५५ | ३३३ | १९ | २६ | ४५ | २ | ० | २ | १६ | २५ | ४१ |
| | श्री जनता उच्च मा.वि.शरणामती | ३० | ३० | ६० | २ | २ | ४ | | | | | | |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | २८ | २४ | ५२ | ६ | ९ | १५ | | | | | | |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | २० | २६ | ४६ | ४ | ४ | ८ | | | | | | |
| २०६८ | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २८ | २७ | ५५ | २ | १ | ३ | | | | | | |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ३३ | १७ | ५० | २ | १ | ३ | | | | | | |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | १६ | २१ | ३७ | ५ | ४ | ९ | | | | | | |
| | जम्मा | १५५ | १४५ | ३०० | २१ | २१ | ४२ | | | | | | |

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची पाँच : २०६६, २०६७ र २०६८ को छनौट विद्यालयका कक्षा ३ का गन्गाई विद्यार्थी विवरण

| शैक्षिक वर्ष | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | | | गन्गाई विद्यार्थी सङ्ख्या | | | बीचमै कक्षा छाड्ने गन्गाई विद्यार्थी सङ्ख्या | | | परीक्षामा उत्तीर्ण हुने गन्गाई विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | श्री जनता उच्च मा.वि.शरणामती | २९ | २५ | ५४ | १ | १ | २ | १ | १ | २ | ० | ० | ० |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | २४ | २७ | ५१ | ३ | ४ | ७ | ० | १ | १ | ३ | ३ | ६ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | १९ | ३० | ४९ | ५ | ४ | ९ | २ | ० | २ | ३ | ४ | ७ |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २६ | २२ | ४८ | १ | ० | १ | ० | ० | ० | ० | १ | १ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ३६ | ४३ | ७९ | ४ | १ | ५ | ० | १ | १ | ४ | ० | ४ |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | २४ | २४ | ४८ | २ | ५ | ७ | ० | १ | १ | २ | ४ | ६ |
| | जम्मा | १५८ | १७१ | ३२९ | १६ | १५ | ३१ | ३ | ४ | ७ | १० | १२ | २२ |
| २०६७ | श्री जनता उच्च मा.वि.शरणामती | ३८ | ३३ | ७१ | २ | ३ | ५ | १ | ० | १ | १ | ३ | ४ |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | २२ | २४ | ४६ | ४ | ५ | ९ | १ | ० | १ | ४ | ४ | ८ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | २२ | २२ | ४४ | ५ | ३ | ८ | ० | ० | ० | ४ | २ | ६ |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | ३० | २९ | ५९ | ० | १ | १ | ० | ० | ० | ० | १ | १ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ३५ | २६ | ६१ | ६ | ४ | १० | २ | ० | २ | ४ | ४ | ८ |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | २६ | २५ | ५१ | ७ | ५ | १२ | २ | ० | २ | ५ | ५ | १० |
| | जम्मा | १७३ | १५९ | ३३२ | २४ | २१ | ४५ | ६ | ० | ६ | १८ | १९ | ३७ |
| २०६८ | श्री जनता उच्च मा.वि.शरणामती | ३२ | २८ | ६० | १ | २ | ३ | | | | | | |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ३१ | ३० | ६१ | ५ | ५ | १० | | | | | | |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | २५ | २२ | ४७ | ६ | ३ | ९ | | | | | | |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २२ | १८ | ४० | २ | २ | ४ | | | | | | |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | २५ | १७ | ४२ | २ | ३ | ५ | | | | | | |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | २२ | २० | ४२ | ४ | ५ | ९ | | | | | | |
| | जम्मा | १५७ | १३५ | २९२ | २० | २० | ४० | | | | | | |

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची छ : २०६६ - २०६८ सम्मको छनौट विद्यालयका कक्षा ४ का गन्गाई विद्यार्थी विवरण

| शैक्षिक वर्ष | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | | | गन्गाई विद्यार्थी सङ्ख्या | | | बीचमै कक्षा छाड्ने गन्गाई विद्यार्थी सङ्ख्या | | | परीक्षामा उत्तीर्ण हुने गन्गाई विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | श्री जनता उच्च मा.वि.शरणामती | २७ | ३८ | ६५ | ३ | २ | ५ | १ | ० | १ | ३ | १ | ४ |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ४० | ३६ | ७६ | ९ | ५ | १४ | १ | १ | २ | ८ | ४ | १२ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | २१ | २९ | ५० | ३ | ४ | ७ | ० | १ | १ | ३ | १ | ४ |
| २०६६ | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | १८ | ३० | ४८ | ३ | १ | ४ | ० | ० | ० | १ | १ | २ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ४१ | ४७ | ८८ | ६ | ८ | १४ | ० | ० | ० | ६ | ८ | १४ |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | २१ | २९ | ५० | ३ | ३ | ६ | ० | ० | ० | ३ | ३ | ६ |
| | जम्मा | १६८ | २०९ | ३७७ | २७ | २३ | ५० | २ | २ | ४ | २४ | १८ | ४२ |
| | श्री जनता उच्च मा.वि.शरणामती | ४४ | २९ | ७३ | २ | २ | ४ | ० | १ | १ | २ | १ | ३ |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | २४ | २६ | ५० | ७ | ६ | १३ | ० | ० | ० | ६ | ६ | १२ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | २५ | २७ | ५२ | ३ | ८ | ११ | ० | १ | १ | ३ | ६ | ९ |
| २०६७ | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | ३१ | २२ | ५३ | ० | १ | १ | ० | ० | ० | ० | १ | १ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | २६ | ३२ | ५८ | ४ | १ | ५ | ० | ० | ० | ४ | १ | ५ |
| | श्री डिल्लीराज उ.मा.वि. टाघनडुब्बा | २२ | २१ | ४३ | २ | ४ | ६ | ० | १ | १ | २ | ३ | ५ |
| | जम्मा | १७२ | १५७ | ३२९ | १८ | २२ | ४० | ० | ३ | ३ | १७ | १८ | ३५ |
| | श्री जनता उच्च मा.वि.शरणामती | ३१ | २२ | ५३ | २ | ३ | | | | | | | |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | २६ | २८ | ५४ | ८ | ७ | | | | | | | |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | २१ | २५ | ४६ | ४ | ७ | | | | | | | |
| २०६८ | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २५ | २१ | ४६ | ३ | २ | | | | | | | |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | २० | २१ | ४१ | ५ | ३ | | | | | | | |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | १८ | २२ | ४० | ६ | ५ | | | | | | | |
| | जम्मा | १४१ | १३९ | २८० | २८ | २७ | | | | | | | |

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची सात : २०६६ - २०६८ सम्मको छनौट विद्यालयका कक्षा ५ का गन्गाई विद्यार्थी विवरण

| शैक्षिक वर्ष | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | | | गन्गाई विद्यार्थी सङ्ख्या | | | बीचमै कक्षा छाड्ने गन्गाई विद्यार्थी सङ्ख्या | | | परीक्षामा उत्तीर्ण हुने गन्गाई विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | श्री जनता उच्च मा.वि.शरणामती | ६२ | ४३ | १०५ | ३ | २ | ५ | ० | ० | ० | ३ | २ | ५ |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ३१ | ३२ | ६३ | ८ | ४ | १२ | १ | २ | ३ | ५ | २ | ७ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | १८ | २४ | ४२ | ३ | ७ | १० | ० | ० | ० | ३ | ७ | १० |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २४ | २० | ४४ | ० | ० | ० | ० | ० | ० | ३ | १ | ४ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ३१ | २७ | ५८ | ३ | ४ | ७ | ० | ० | ० | ३ | ४ | ७ |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | २३ | २५ | ४८ | २ | २ | ४ | ० | ० | ० | २ | २ | ४ |
| | जम्मा | १८९ | १७१ | ३६० | १९ | १९ | ३८ | १ | २ | ३ | १९ | १८ | ३७ |
| २०६७ | श्री जनता उच्च मा.वि.शरणामती | ४३ | ५० | ९३ | २ | २ | ४ | १ | १ | २ | १ | १ | २ |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | ३४ | ३५ | ६९ | ९ | ५ | १४ | ३ | ३ | ६ | ६ | २ | ८ |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | १४ | २५ | ३९ | २ | ३ | ५ | ० | ० | ० | १ | ३ | ४ |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | १८ | २४ | ४२ | १ | १ | २ | ० | ० | ० | १ | १ | २ |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | ३१ | ३६ | ६७ | ८ | ७ | १५ | १ | १ | २ | ७ | ६ | १३ |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | १२ | २३ | ३५ | ३ | ३ | ६ | ० | ० | ० | ३ | ३ | ६ |
| | जम्मा | १५२ | १९३ | ३४५ | २५ | २१ | ४६ | ५ | ५ | १० | १९ | १६ | ३५ |
| २०६८ | श्री जनता उच्च मा.वि.शरणामती | २६ | २९ | ५५ | ३ | ४ | ७ | | | | | | |
| | श्री भृकुटी नि.मा.वि. शरणामती | २६ | २६ | ५२ | ८ | ४ | १२ | | | | | | |
| | श्री अमरसिंह प्रा.वि. कुमरखोद | २३ | २३ | ४६ | ४ | ८ | १२ | | | | | | |
| | श्री त्रिभुवन प्रा.वि. कुमरखोद | २७ | २९ | ५६ | ३ | ३ | ६ | | | | | | |
| | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा | १७ | २४ | ४१ | ४ | २ | ६ | | | | | | |
| | श्री डिल्लीराज उच्च मा.वि. टाघनडुब्बा | ३२ | २५ | ५७ | २ | ४ | ६ | | | | | | |
| | जम्मा | १५१ | १५६ | ३०७ | २४ | २५ | ४९ | | | | | | |

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची आठ : कक्षा १ देखि ५ सम्म गन्गाई बालबालिकाहरूको भर्ना स्थिति विवरण

| शैक्षिक वर्ष | कक्षा | जम्मा विद्यार्थी भर्ना | | | गन्गाई विद्यार्थी भर्ना | | | गन्गाई विद्यार्थी भर्ना प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६६ | १ | २१८ | २३० | ४४८ | ३२ | २३ | ५५ | १४.६७ | १०.०० | १२.२७ |
| | २ | १७३ | २०६ | ३७९ | १९ | २४ | ४३ | ११.०० | ११.६५ | ११.३४ |
| | ३ | १५८ | १७१ | ३२९ | १६ | १५ | ३१ | १०.१२ | ८.७७ | ९.४२ |
| | ४ | १६८ | २०९ | ३७७ | २७ | २३ | ५० | १६.०७ | ११.०० | १३.३६ |
| | ५ | १७९ | १७१ | ३५० | १९ | १९ | ३८ | १०.६१ | ११.११ | १०.८५ |
| | जम्मा | ८९६ | ९८७ | १८८३ | ११३ | १०४ | २१७ | १२.६१ | १०.५३ | ११.५२ |
| २०६७ | १ | २३२ | २४७ | ४७९ | २२ | १९ | ४१ | ९.४८ | ७.६७ | ८.५५ |
| | २ | १७८ | १५५ | ३३३ | १९ | २८ | ४७ | १०.६७ | १८.०६ | १४.११ |
| | ३ | १७३ | १५९ | ३३२ | २४ | २१ | ४५ | १३.८७ | १३.२ | १३.५५ |
| | ४ | १७२ | १५७ | ३२९ | १९ | २२ | ४१ | ११.०४ | १४.०१ | १२.४६ |
| | ५ | १५२ | १९३ | ३४५ | २५ | २१ | ४६ | १६.४४ | १०.८८ | १३.३३ |
| | जम्मा | ९०७ | ९११ | १८१८ | १०९ | १११ | २२० | १२.०१ | १२.१८ | १२.१० |
| २०६८ | १ | १८१ | १६७ | ३४८ | २७ | २६ | ५३ | १४.९१ | १५.५६ | १५.२२ |
| | २ | १४० | १४५ | २८५ | २१ | २१ | ४२ | १५.०० | १४.४८ | १४.७३ |
| | ३ | १५७ | १३५ | २९२ | २० | १८ | ३८ | १२.७६ | १३.३३ | १३.०१ |
| | ४ | १४१ | १३९ | २८० | २८ | २७ | ५५ | १९.८५ | १९.४२ | १९.६४ |
| | ५ | १४१ | १५६ | २९७ | २४ | २५ | ४९ | १७.०२ | १६.०२ | १६.४९ |
| | जम्मा | ७६० | ७४२ | १५०२ | १२० | ११७ | २३७ | १५.७८ | १५.७६ | १५.७७ |

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची नौ : गन्गाई विद्यार्थीको २०६६ सालको शैक्षिक उपलब्धि

| क्र.सं. | प्राप्ताङ्क | M | F | FM |
|---|---|---|---|---|
| १ | ०-१० | ५ | ० | ० |
| २ | १०-२० | १५ | १ | १५ |
| ३ | २०-३० | २५ | २ | ५० |
| ४ | ३०-४० | ३५ | ५ | १७५ |
| ५ | ४०-५० | ४५ | ५ | २२५ |
| ६ | ५०-६० | ५५ | १० | ५५० |
| ७ | ६०-७० | ६५ | ० | ० |
| ८ | ७०-८० | ७५ | १ | ७५ |
| ९ | ८०-९० | ८५ | ० | ० |
| १० | ९०-१०० | ९५ | ० | ० |
| | | | $N = 24$ | $\Sigma fM = 1090$ |

यहाँ, M = आवृत्तिको मध्यविन्दु

N = आवृत्तिको योगफल

F = आवृत्ति

$\overline{X}$ (मध्यक) = ?

$$\overline{X} = \frac{\Sigma fM}{N} = \frac{1090}{24} = 45.41$$

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची दश : गन्गाई विद्यार्थीको २०६७ सालको शैक्षिक उपलब्धि

| क्र.सं. | प्राप्ताङ्क | M | F | FM |
|---|---|---|---|---|
| १ | ०-१० | ५ | ० | ० |
| २ | १०-२० | १५ | १ | १५ |
| ३ | २०-३० | २५ | २ | ५० |
| ४ | ३०-४० | ३५ | ३ | १०५ |
| ५ | ४०-५० | ४५ | ६ | २७० |
| ६ | ५०-६० | ५५ | १० | ५५० |
| ७ | ६०-७० | ६५ | ० | ० |
| ८ | ७०-८० | ७५ | २ | १५० |
| ९ | ८०-९० | ८५ | ० | ० |
| १० | ९०-१०० | ९५ | ० | ० |
| | | | $N = 24$ | $\sum fM = 1140$ |

यहाँ, M = आवृत्तिको मध्यविन्दु

N = आवृत्तिको योगफल

F = आवृत्ति

$\overline{X}$ (मध्यक) = ?

$$\overline{X} = \frac{\sum fM}{N} = \frac{1140}{24} = 47.5$$

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची एघार : प्र.अ.का लागि प्रश्नावली

नाम : ........................................................

विद्यालय : ..................................................   ठेगाना : ...............................

१. तपाइँको विद्यालयमा प्राथमिक तहमा गन्गाई विद्यार्थीहरूको सङ्ख्या कति छ ?

उत्तर :- ............................

२. तपाइँको विद्यालयमा गन्गाई बालबालिकाहरू कति समय लगाएर आउँछन् ?

उत्तर :- ............................ मिनेट

३. गन्गाई बालबालिकाहरूको शैक्षिक उपलब्धि कस्तो छ ?

क) सामान्य   ख) सन्तोषजनक

ग) खराब   घ) अति राम्रो

४. गन्गाई बालबालिका नियमिति रूपमा विद्यालय आउँछन् ?

क) सन्तोषजनक   ख)औसत भन्दा कम   ग) ..................

५. सबै गन्गाई बालबालिकाहरू विद्यालय नआउनुका कारण मध्ये प्रमुख कारण कुन हो ?

क) गरिबी   ख) अशिक्षा

ग) पढेर के पो हुन्छ भन्ने भावना   घ) सामाजिक कारण

६. गन्गाई जातिका बालबालिकाहरूको प्रमुख शैक्षिक समस्या के हो ?

क) कापी कलम नहुनु   ख) पोसाक नहुनु

ग) किताव नहुनु   घ) अन्य कारण

७. यी समस्या समाधानका लागि के गर्नु पर्ला ?

क) छात्रबृत्ति   ख) पोसाकको व्यवस्था

ग) खाजाको व्यवस्था   घ) अभिभावकलाई रोजगारी

८. गन्गाई अभिभावकहरू विद्यालयको समारोहमा उपस्थित हुन्छन् ?

क) हुन्छन्   ख) हुँदैनन्

ग) अति कम   घ) चासो राख्तैनन्

९. विद्यालयको कुनै कार्यक्रममा गन्गाई विद्यार्थीलाई अवसर दिनु भएको छ ?

क) छ　　ख) छैन　　ग) भाग लिँदैनन्

१०. तपाइँको विद्यालयको catchments area भित्रका सबै गन्गाई बालबालिका विद्यालयमा भर्ना भएका छन् ?

क) छन्　　ख) छैनन्　　ग) अति कम

११. गन्गाई बालबालिकाको शिक्षामा पहुँचका लागि के-के कार्यक्रम ल्याउनु भएको छ ?

क) घरदैलो कार्यक्रम　　ख) ने.ग.क. परिषद्सित अन्तरक्रिया

ग) गन्गाई अभिभावकहरू सँग भेटघाट

१२. गन्गाई अभिभावकहरूको शिक्षा प्रति कस्तो दृष्टिकोण रहेको छ ?

उत्तर ..........................................................

१३. गन्गाई समुदाय बढी रहेको विद्यालयमा गन्गाई शिक्षक नियुक्ति भएमा बालबालिकाको पहुँच बढ्ने सम्भावनाप्रति तपाइँको दृष्टिकोण कस्तो रहेको छ ?

क) सकारात्मक　　ख) नकारात्मक　　ग) खासै असर गर्दैन

१४. तपाइँलाई गन्गाई अभिभावकहरूले आफ्ना छोराछोरीको पढाइ बारेमा प्रश्न सोध्दछन् ?

क) कहिलेकाहीँ　　ख) बिल्कुलै सोध्दैनन्　　ग) वास्ता गर्दैनन्

१५. तपाइँको विद्यालयको कुनै पनि समितिमा गन्गाई अभिभावकको प्रतिनिधित्व भएको छ?

क) वि.व्य.स.मा　　ख) P.T.A. मा

ग) लेखा समितिमा　　घ) छैन

१६. जिल्ला शिक्षा कार्यालयबाट आएका छात्रबृत्ति वा अन्य सुविधा गन्गाई विद्यार्थीहरूले समान अनुपातमा प्राप्त गरेका छन् ?

क) छन　　ख) छैनन्　　ग) ध्यान पुऱ्याएको छैन

१७. तपाइँले नेपाल गन्गाई कल्याण परिषद्सँग प्राथमिक शिक्षामा गन्गाई जातिका बालबालिकाहरूको पहुँच पुऱ्याउन कुनै अन्तरक्रिया कार्यक्रम राख्नु भएको छ ?

क) छ　　ख) छैन

ग) सबै जातिका अभिभावक सित मात्र　　घ) सोच राखेको छ

१८. तपाइँको विद्यालयमा गन्गाई विद्यार्थीको Drop out को कस्तो समस्या छ ?

उत्तरः- ...................................................

१९. तपाइँले गन्गाई बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच पुऱ्याउन अन्य के कस्ता उपायहरू पहिचान गर्नु भएको छ ?

उत्तरः- ...................................

उत्तरदाताको हस्ताक्षर　　शोधार्थीको हस्ताक्षर

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची बाह्र : शिक्षकका लागि प्रश्नावली

नामः ...........................................................

विद्यालयः ........................................................ ठेगाना : ..........................

१. तपाइँ कुन कुन विषय पढाउनु हुन्छ ?

उत्तर :...................................................

२. तपाइँको विषयमा गन्गाई विद्यार्थीहरूको शैक्षिक स्तर कस्तो छ ?

क) राम्रो ख) अति राम्रो

ग) खराब घ) औसत भन्दाकम उपलब्धि

३. तपाइँको विद्यालयको भर्नाको नियम कस्तो छ ?

उत्तर ................................................

४. पढाइमा कमजोर गन्गाई विद्यार्थीहरूलाई कसरी पढाइ प्रति प्रोत्साहित गर्नुहुन्छ ?

उत्तर .........................................................................

५. कक्षा कोठामा गन्गाई विद्यार्थीहरू कस्तो शैक्षिक व्यवहार प्रस्तुत गर्दछन् ?

क) राम्रो ख) लजाउँछन्

ग) प्रश्न कहिल्यै पनि सोध्दैनन्?

६. गन्गाई विद्यार्थीहरूका प्राथमिक शिक्षामा पहुँच नहुनुको कारणहरू मध्ये प्रमुख कारण कुन हो ?

क) गरिबी ख) अशिक्षा

ग) सामाजिक रूढिवादी भावना

७. गन्गाई अभिभावकको शिक्षाप्रतिको दृष्टिकोण कस्तो छ ?

उत्तर .....................................................

८. गन्गाई विद्यार्थीहरू कक्षा कोठामा कतापट्टि बस्न रूचाउछन ?

क) अगाडि ख) पछाडिी

ग) मध्य भागमा

९. गन्गाई विद्यार्थीहरू गृहकार्य गरेर देखाउँछन् ?

क) देखाउँछन् ख) देखाउँदैनन् ग) केही मात्र

१०. तपाइँ सबै गन्गाई विद्यार्थीहरूलाई चिन्नु हुन्छ ?

क) सबैलाई ख) केही मात्र लाई

ग) कसैलाई पनि होइन

११. गन्गाई विद्यार्थीप्रति प्रशासनको दृष्टिकोण कस्तो छ ?

क) सकारात्मक ख) नकारात्मक

ग) वास्ता गर्नुहुन्न घ) जान्नेलाई मात्र सोध्नु हुन्छ

१२. विद्यालयबाट उपलब्ध गराइने सेवा र सुविधाहरूमा गन्गाई विद्यार्थीहरूलाई समानुपातिक रूपमा सहभागी गराइन्छ ?

उत्तर ....................................................................

१३. विद्यालयको प्राथमिक शिक्षामा गन्गाई बालबालिकाहरूको पहुँच बढाउने सम्बन्धमा अन्य सङ्घसंस्थाहरूको कस्तो भूमिका रहेको देखिन्छ ?

उत्तर ......................................................................................

१४. गन्गाई अभिभावकलाई प्राथमिक शिक्षाप्रति आकर्षण बढाउन के कस्ता उपाय देख्नु भएको छ ?

उत्तर .................................................................

.................................... ...............................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची तेह्र : बालबालिकाका लागि प्रश्नावली

नामः ..........................................................

विद्यालयः ....................................................... ठेगाना : ..........................

१. तिमीलाई विद्यालय आउन कसले प्रेरणा दियो ?

क) शिक्षक ख) साथी

ग) दाई दिदी घ)आमाबुबा

२. तिमी विद्यालय नियमित जान्छौ ?

क) सधैं ख) कहिलेकाहीँ ग) हप्तामा दुई पटक

३. तिम्रा बुबाआमा पढ्नलेख्न सक्नुहुन्छ ?

क) सक्नुहुन्छ ख) सक्नुहुन्न ग) अलिअलि

४. तिमी स्कुलबाट फर्केपछि के गर्छौ ?

क) स्कुलको गृहकार्य ख) घरायसी काम ग) खेल

घ) खेतमा

५. तिम्रा बाबुआमाको पेसा के हो ?

क) खेती ख) व्यापार

ग) जागिर घ) मजदुरी

६. तिमी कुन भाषा लेख्न पढ्न सजिलो मान्छौ ?

क) मातृभाषा(सुर्जापुरी) ख) नेपाली ग) हिन्दी

७. तिम्रो घरबाट विद्यालय पुग्न कति समय लाग्छ ?

क) उत्तर :................ मिनेट

८. सबै गन्गाई बालबालिका विद्यालय नजाने विभिन्न कारणहरू मध्ये प्रमुख कारण कुन हो ?

क) गरिबी ख) अशिक्षा

ग) सामाजिक एवम् सांस्कृतिक समस्या घ) अभिभावकको कारण

९. के व्यवस्था भयो भने तिम्रो गाउँका सबै जना विद्यालय जान्छन् ?

क) छात्रबृत्ति ख) पोसाक ग) किताब

घ टिफिनमा खाजा ङ) माथिका सबै

१०. तिमीहरूलाई शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

क) राम्रो ख) नराम्रो ग) ठिकै घ) सामान्य

११. तिम्रो विद्यालयमा बुबाआमा कहिले कहिले आउनुहुन्छ ?

क) भर्नाको बेला ख) समारोह भएको बेला

ग) बोलाएको बेला घ) कहिले पनि आउनुहुन्न

१२. गन्गाई बालबालिकाहरूलाई विद्यालयमा गई पढ्नु पर्ने भावना छ ?

क) छ ख) छैन

ग) आमाबुबाको करले मात्र घ) साथीहरू गएको देखेर

१३. तिम्रो घरमा सबै (विद्यालय उमेर) जना विद्यालय जान्छन् ?

क) सबैजना ख) केवल छोराहरूमात्र

ग) १ जना ग) दिदी र बहिनी मात्र

१४. तिम्रो गाउँघरमा विद्यालयबाट शिक्षकहरू भर्नाको बेलामा आउनु हुन्छ ?

क) आउनु हुन्छ ख) आउनुहुन्न ग) कहिलेकाहीँ मात्र

१५. तिम्रो विद्यालयमा शिक्षकले गन्गाई बालबालिकाहरूको गृहकार्य सधैं हेर्नुहुन्छ ?

क) हेर्नुहुन्छ ख) हेर्नुहुन्न

ग) कहिलेकाहीँमात्र घ) वास्तै गर्नुहुन्न

१६. तिम्रो विद्यालयको प्र.अ.ले तिम्रो आमाबुबासँग कस्तो व्यवहार गर्नु हुन्छ ?

क) सामान्य ख) सन्तोषजनक

ग) भेटघाट गर्नु हुन्न घ) थाहै भएन

१७. तिमीलाई कुनै सङ्घ संस्थाले विद्यालय जान प्रोसाहित गरेको छ ?

क) छ ख) छैन ग) थाहै भएन

१८. तिमीहरूलाई विद्यालय जान कुन सङ्घ संस्थाले प्रोत्साहित गरेको छ ?

क) ने.ग.क. परिषद् ख) आदिबासी जनजाति सम्बन्धि संस्थाहरू

ग)अन्य संस्थाहरू

१९. ती संस्थाले के सहयोग गरेको छ ?

क) कापी कलम दिएर ख) नगद दिएर

ग) अन्तरक्रिया घ) गोष्ठी वा सेमिनार गरेर

..................................... .....................................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची चौध : अभिभावकका लागि प्रश्नावली

नामः ..........................................................

विद्यालयः .......................................................  ठेगाना : ....................

१. तपाइँको शैक्षिक योग्यता कति हो ?

क) साधरण लेखपढ  ख) निरक्षर

ग) एस्.एल्.सी.  घ) एस्.एल्.सी. भन्दामाथी

२. तपाइँको घरबाट विद्यालय कति टाढा छ ?

क) .................................... मिनेट

३. तपाइँको घरका सबै बालबालिकाहरू विद्यालय जान्छन् ?

क) जान्छन्  ख) जाँदैनन्

ग) छोरामात्र जान्छन्  घ) छोरीमात्र जान्छन्

४. तपाइँका बालबालिकाहरूलाई विद्यालयमा शिक्षकहरूले कस्तो व्यवहार गर्नुहुन्छ ?

क) राम्रो  ख) नराम्रो

ग) सामान्य  घ) वास्ता गर्नुहुन्न

५. विद्यलाय बिदा भएपछिको समयमा (विहान वेलुका) तपाइँका नानीहरू के गरेर समय वितार्उँछन् ?

क) पढेर  ख) खेलेर

ग) विद्यालयको गृहकार्य गरेर  घ) घरायसी काम गरेर

६. तपाइँको गाउँका गन्गाई बालबालिकाहरूको शैक्षिक समस्याहरू के के हुन् ?

क) कापी कलम नहुनु  ख) किताव नहुनु

ग) पोसाक नहुनु  घ) अन्य

७. तपाइँ गाउँका सबै गन्गाई केटाकेटीहरू विद्यालय नजाने कारणहरु मध्ये प्रमुख कारण कुनलाई ठान्नु हुन्छ ?

क) गरिबी  ख) अशिक्षा

ग) सामाजिक एवम् सांस्कृतिक समस्या

घ) पढेर के पो हुन्छ भन्ने  भावना

८. यस्ता समस्या समाधान गर्न के गर्नु पर्ला ?

क) छात्रबृत्ति  ख) अभिभावकलाई रोजगारी

ग) आर्थिक सहायता

९. तपाइँका नानीहरूलाई नेपाली भाषाबाहेक कुन-कुन भाषामा पढाउँदा विद्यालय जान रूचाउँछन् ?

क) मातृभाषा (सुर्जापुरी) ख) अङ्ग्रेजी ग) मैथिली

१०. तपाइँको आम्दानीको बढी खर्च खाना बाहेक अन्य केमा खर्च हुन्छ ?

क) चाडपर्वमा ख) शिक्षामा ग) स्वास्थ्यमा (औषधीमा)

११. छोराछोरीलाई पढाउनु पर्छ भन्ने विषयमा तपाइँको कस्तो बिचार छ ?

उत्तर : ...........................

१२. गन्गाई समुदायले बालविवाहलाई कस्तो प्राथमिकता दिएको छ ?

क) छ ख) छैन ग) पहिला थियो आजभोलि छैन

१३. तपाइँका बालबालिकाहरूलाई कस्तो सुविधा भएमा विद्यालय जान रूचाउँछन् ?

क) गन्गाई शिक्षकको नियुक्ति ख) अभिभावकलाई रोजगारी

ग) कापी, कलम, किताबको व्यवस्था भएमा

१४. तपाइँलाई विद्यालय जानु हुन्छ ?

क) जान्छु ख) जान्नँ ग) कहिले काहीं जान्छु

घ) भर्नाको वेलामा ङ) अन्य समारोहमा

१५. गन्गाई जातिका अभिभावकहरूलाई कुनै पनि विद्यालयका समितिमा राख्ने अवसर दिएका छन् ?

क) छ ख) छैन ग) चासो राख्तैनन्

१६. विद्यालयका शिक्षक, प्र.अ.सँग गन्गाई बालबालिकाहरूको भर्नाका वारेमा कुराकानी हुन्छ ?

क) हुन्छ ख) हुँदैन

ग) अलिअलि हुन्छ घ) भेटघाट भएमा गर्नु हुन्छ

१७. प्राथमिक शिक्षामा गन्गाई विद्यार्थीहरूको पहुँच पुऱ्याउन के-कस्ता उपायहरू हुन सक्छन् ?

उत्तर : ........................................

................................ ..............................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची पन्ध्र : सामूहिक छलफलका लागि तयार गरिएका विषयसूचीहरू

१. गन्गाई बालबालिकाहरूको विद्यालयमा कम सहभागिता हुने कारण

२. गन्गाई बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने कारणहरू

३. विद्यालय समय पछि गन्गाई विद्यार्थीहरूले गर्ने क्रियाकलाप

४. गन्गाई विद्यार्थीहरूको घरेलु शैक्षिक वातावरणको अवस्था

५. गन्गाई बालबालिकाहरूको शिक्षामा प्रभाव पार्ने मुख्य तत्वहरू

६. गन्गाई बालबालिकाहरूको प्रमुख शैक्षिक समस्याहरू

७. गन्गाई बालबालिकाहरूको शैक्षिक समस्या समाधानका उपायहरू

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची सोह्र : अन्तर्वार्ता प्रश्नावली (अभिभावक)

उत्तरदाताको नाम : .....................................................................

ठेगाना : .....................................................................

१. के गन्गाई जातिको शिक्षामा पहुँच देख्नु भएको छ ? देख्नु भएको छैन भने किन ?

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

२. के गन्गाई जातिका अभिभावकहरूको आर्थिक अवस्था कमजोर भएकोले शिक्षाको अवसरबाट बञ्चित हुनु परेको हो ?

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

३. विद्यार्थीलाई विद्यालयमा नियमित हाजिर हुनका लागि तपाइँ अभिभावकवर्गले के भूमिका खेल्नुपर्छ ?

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

................................ ..............................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच
## अनुसूची सत्र : नमूना अध्ययनका लागि छनौट गरिएका विद्यालयहरू

| क्र.सं. | विद्यालयको नाम | गा.वि.स | कैफियत |
|---|---|---|---|
| १. | श्री जनता उच्च मा.वि. | शरणामती-५, झापा | |
| २. | श्री भृकुटी नि.मा.वि. | शरणामती-४, झापा | |
| ३. | श्री डिल्लीराज उच्च मा.वि | टाघनडुब्बा-३, झापा | |
| ४. | श्री जगदम्बा प्रा.वि. | टाघनडुब्बा-४, झापा | |
| ५. | श्री त्रिभुवन प्रा.वि. | कुमरखोद-९, झापा | |
| ६. | श्री अमरसिंह प्रा.वि. | कुमरखोद-२, झापा | |

# गन्गाई जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँच

## अनुसूची अठार : अन्तर्वार्ता प्रश्नावली भर्ने सहभागी स्रोतव्यक्ति, प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरू

**क)** **स्रोतव्यक्ति :**

| क्र.सं. | स्रोतव्यक्तिको नाम |
|---|---|
| १ | श्री खड्गप्रसाद खरेल, स्रोतकेन्द्र टाघनडुब्बा |

**ख)** **प्र.अ. हरू :**

| क्र.सं. | प्र.अ.को नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | श्री लेखनाथ सुवेदी | श्री जनता उच्च मा.वि. शरणामती-५, झापा । |
| २ | श्री मदनकुमार भण्डारी | श्री भृकुटी नि.मा.वि. शरणामती-४, झापा । |
| ३ | श्री भगदेव राजवंशी | श्री डिल्लीराज उच्च मा.वि टाघनडुब्बा-३, झापा । |
| ४ | श्री राजेश थापा | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा-४, झापा । |
| ५ | श्री प्रदिपकुमार शर्मा | श्री त्रिभुवन प्रा.वि. कुमरखोद-९, झापा । |
| ६ | श्री मायानन्द ठाकुर | श्री अमरसिंह प्रा.वि. कुमरखोद-२, झापा । |

**ग)** **शिक्षकहरू :**

| क्र.सं. | शिक्षकको नाम | क्र.सं. | शिक्षकको नाम |
|---|---|---|---|
| १ | श्री कृष्टो उराँव | २ | श्री कृष्णप्रसाद निरौला |
| ३ | श्री विष्णुप्रसाद उप्रेती | ४ | श्री उषा बिष्ट |
| ५ | श्री कौशल्या गणेश | ६ | श्री घनश्यामप्रसाद राजवंशी |
| ७ | श्री अनिता गणेश | ८ | श्री लक्ष्मी गणेश |
| ९ | श्री सुन्दर वेस्रा | १० | श्री भूमितप्रसाद गणेश |
| ११ | श्री अरूणकुमार गणेश | १२ | श्री पशुपतिलाल गणेश |

## घ)　अभिभावकहरू :

| क्र.सं. | अभिभावकको नाम | क्र.सं. | अभिभावकको नाम |
|---|---|---|---|
| १ | श्री सुकदेवप्रसाद गणेश | १३ | श्री गमकलाल गणेश |
| २ | श्री जसोदादेवी गणेश | १४ | श्री हरिप्रसाद गणेश |
| ३ | श्री महेन्द्रप्रसाद गणेश | १५ | श्री टुरूप्रसाद गणेश |
| ४ | श्री सकुन्तलादेवी गणेश | १६ | श्री महेशकुमार गणेश |
| ५ | श्री रूपलाल गणेश | १७ | श्री श्रीप्रसाद गणेश |
| ६ | श्री कौशलप्रसाद गणेश | १८ | श्री घनश्याम गणेश |
| ७ | श्री मोतिप्रसाद गणेश | १९ | श्री भाद्रु गणेश |
| ८ | श्री सिताराम गणेश | २० | श्री विनय गणेश |
| ९ | श्री मदनलाल गणेश | २१ | श्री लक्ष्मी गणेश |
| १० | श्री हजारू गणेश | २२ | श्री नेकनारायण गणेश |
| ११ | श्री गणेशप्रसाद गणेश | २३ | श्री सिताराम गणेश |
| १२ | श्री बजरङ्ग गणेश | २४ | श्री मदनकुमार गणेश |

## ङ)　विद्यार्थीहरू :

| क्र.सं. | विद्यार्थीको नाम | क्र.सं. | विद्यार्थीको नाम |
|---|---|---|---|
| १ | सुभाषकुमार गणेश | २ | फूलकुमारी गणेश |
| ३ | सुवाषकुमार गणेश | ४ | पिङ्कीकुमारी गणेश |
| ५ | मनिताकुमारी गणेश | ६ | लक्ष्मीकुमार गणेश |
| ७ | सरस्वतीकुमारी गणेश | ८ | करिश्मा गणेश |
| ९ | ममताकुमारी गणेश | १० | किरणकुमारी गणेश |
| ११ | सञ्जीवकुमार गणेश | १२ | जसवन्तकुमार गणेश |
| १३ | अमनकुमार गणेश | १४ | पिङ्कीकुमारी गणेश |
| १५ | सागरदेव गणेश | १६ | कविता गणेश |
| १७ | रामकृष्ण गणेश | १८ | रञ्जितकुमार गणेश |
| १९ | सीमाकुमारी गणेश | २० | अञ्जलीकुमारी गणेश |
| २१ | पूजाकुमारी गणेश | २२ | रञ्जितकुमार गणेश |
| २३ | पङ्कज गणेश | २४ | दीपिका गणेश |